"सहज सिकाइ वातावरण जीवनोपयोगी शिक्षा,
असल र कुशल नागरिक, इन्द्रसरोवरको इच्छा"

# इन्द्रसरोवर गाउँपालिकाको गाउँ शिक्षा योजना २०८१-२०८५

**इन्द्रसरोवर गाउँपालिका**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
**कुलेखानी, मकवानपुर**
**बागमती प्रदेश**
**नेपाल**

**“सहज सिकाइ वातावरण जीवनोपयोगी शिक्षा,**
**असल र कुशल नागरिक, इन्द्रसरोवरको इच्छा”**

# इन्द्रसरोवर गाउँपालिकाको गाउँ शिक्षा योजना २०८१-२०८५

सल्लाह/सुझाव र मार्गदर्शन

**श्री देवकृष्ण पुडासैनी, अध्यक्ष**

इन्द्रसरोवर गाउँपालिका

**श्री उमाकुमारी लामा, उपाध्यक्ष**

इन्द्रसरोवर गाउँपालिका

समन्वय सहयोग

**श्री प्रलाद कार्की, प्रमुख प्रशासकीय अधिकृत**

इन्द्रसरोवर गाउँपालिका

**सम्पादन**

**श्री धर्मानन्द पन्त, शाखा प्रमुख**

शिक्षा, युवा तथा खेलकुद शाखा इन्द्रसरोवर गाउँपालिका

अध्ययन पृष्ठपोषण

**श्री मन्दिरा न्यौपाने**

Provincial Technical Advisor of

USAID Early Grade Learning Bagmati Province

तथ्याङ्क सङ्कलन, लेखन

**श्री माधवप्रसाद अधिकारी**

**डा. तोयानाथ खनाल**

# गाउँशिक्षा योजना तर्जुमा कार्यदलः

**संयोजकः** श्री प्रलाद कार्की, प्रमुख प्रशासकीय अधिकृत

**सदस्यः** श्री धर्मानन्द पन्त, वरिष्ठ शाखा अधिकृत

**सदस्यः** श्री राजन खतिवडा, सुचना प्रविधि अधिकृत

**सदस्यः** श्री भीम बहादुर स्याङतान, शिक्षक

**सदस्यः** श्री बिरोसमाया थिङ, शिक्षक

# हाम्रो भनाई

शिक्षा मानवीय विकासको पहिलो सर्त र विकासका पूर्वाधारको पनि पूर्वाधार हो। विद्यालयीय शिक्षा उच्चशिक्षाको जग र स्थानीय सरकारको गौरव हो। नेपालको संविधानले विद्यालयीय शिक्षाको विकासमा स्थानीय सरकारको आशा र भरोसा गरेको देखिन्छ। यो आशा र भरोसाको कार्यान्वयन योजनाबद्ध प्रयासले मात्र हुनसक्छ। त्यसैले शिक्षाको योजना तर्जुमा गर्नु शिक्षा विकासको महत्वपूर्ण जग हो। यो वास्तविकातालाई इन्द्रसरोवर गाउँपालिकाले आत्मसात गरेर आफ्ना प्रयासहरु अगाडि बढाएको छ।

इन्द्रसरोवर गाउँपालिकाले शिक्षा योजना निर्माण गर्नको लागि आ.ब. २०८०/८१ मा बजेट विनियोजन गरेको थियो। जसको कार्यान्वयनको लागि २०८०-०९-१३ गतेको गाउँ शिक्षा समितिको बैठकले प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्ममा ५ सदस्यीय कार्यदल गठन गरेको थियो। कार्यदलले २०८० माघ २२ गतेदेखि आफ्नो कार्य प्रारम्भ गरेको थियो। विद्यालयबाट आवस्यक तथ्याङ्क संकलन गरेर मस्यौदा लेखनको लागि तोयनाथ खनाल र माधव अधिकारी छनौट गरेर आवस्यकता अनुसार कार्यशाला ओयजना गर्दै मस्यौदा लेखन पश्चात मिति २०८१-२-३१ गतेको कार्यशालाबाट अन्तीम मस्यौदा तयार गरेर USAID Early Grade Learning Program का Provincial technical advisor श्री मन्दीरा न्यौपानेबाट अध्ययन तथा पृष्टपोषण समेतका आधारमा योजनाले अन्तीम रुप लिएको छ।

योजनाको मस्यौदा लेखन गर्नुहुने माधव प्रसाद अधिकारी र तोयनाथ खनाल र योजना निर्माणका लागि आवश्यक तथ्याङ्क सङ्कलनका क्रममा सहयोग गर्नुहुने गाउँकार्यपालिकाका पदाधिकारीहरु, गाउँ शिक्षा समितिका पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत, वडाका जनप्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारीहरु, विद्यालयका प्रधानाध्यापकहरु, अभिभावकहरु शिक्षक साथीहरु, विद्यार्थी भाइबहिनीहरु, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरु, शिक्षकका पेशागत संघ संस्थाहरु, शिक्षाको विकासमा संलग्न गैर सरकारी संस्थाहरु र शिक्षाप्रेमी जनसमुदायबाट प्राप्त सल्लाह सुझाव र सहयोग अविस्मरणीय रहेको हुँदा उहाँहरुप्रति कृतज्ञता व्यक्त गर्छौं। साथै योजना मस्यौदा अध्ययन गरी पृष्टपोषण प्रदान गर्ने श्री मन्दिरा न्यौपानेलाई पनि आभार व्यक्त गर्दछौं।

अन्त्यमा शिक्षा योजना निर्माणमा रहेका कमीकमजोरी अगामी दिनमा सच्याउनको लागि सुझावको अपेक्षा गर्दै योजनाले लिएका संकल्पहरू पुरा गर्न सबै सरोकारवालाको सकारात्मक सहयोग रहनेछ भन्ने अपेक्षा राखेका छौ। धन्यवाद !

**इन्द्रसरोवर गाउँपालिका**
**शिक्षा युवा तथा खेलकुद शाखा**
२०८१ असार

# विषयसूची


| | |
|---|---|
| **परिच्छेद १: परिचय** | १ |
| **पृष्ठभूमि** | १ |
| १.१ भौगोलिक अवस्थिति | १ |
| १.२ जनसाङ्ख्यिक संरचना | १ |
| १.३ सामाजिक तथा साँस्कृतिक अवस्था | २ |
| १.४ शैक्षिक अवस्था | २ |
| १.५ गाउँ शिक्षा योजना निर्माणका आधारहरु | २ |
| १.६ तथ्याङ्क सङ्कलनका क्रममा विद्यालयमा पाइएका राम्रा अभ्यासहरु | ३ |
| १.७ विद्यालयीय शिक्षासम्बन्धी समस्या र चुनौतीहरु | ३ |
| १.८ अवसरहरु | ४ |
| १.९ तथ्याङ्क सङ्कलन प्रक्रिया | ४ |
| १.१० विद्यालयमा विद्यार्थीहरुको उपस्थितिको अवस्था र लक्ष्य | ५ |
| १.११ विद्यार्थीहरुको नियमित उपस्थिति वृद्धिका उपायहरु | ५ |
| **परिच्छेद २: सोच, लक्ष्य, उद्देश्य र रणनीति** | ७ |
| २.१ दूरदृष्टि (Vision) | ७ |
| २.२ लक्ष्य (Mission) | ७ |
| २.३ उद्देश्यहरु (Objectives) | ७ |
| २.४ रणनीतिहरु (Strategies) | ८ |
| २.५ योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका उपलब्धिहरु | ९ |
| **परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु** | १० |
| ३.१ बालविकास र शिक्षा | १० |
| ३.१.१ परिचय | १० |
| ३.१.२ वर्तमान अवस्था | १० |

| | |
|---|---|
| ३.१.३ उद्देश्य | १० |
| ३.१.४ बालविकास र शिक्षासँग सम्बन्धित केही सूचकहरुको वर्तमान अवस्था र भावी लक्ष्य | १० |
| ३.१.५ लक्ष्य प्राप्तिका लागि रणनीतिहरु | ११ |
| ३.१.६ अपेक्षित उपलब्धि | १२ |
| ३.१.७ नतिजाहरु | १२ |
| ३.१.८ लक्ष्य हासिल गर्नका लागि मुख्य कार्यकलापहरु | १३ |
| ३.२ आधारभूत शिक्षा | १३ |
| ३.२.१ परिचय | १३ |
| ३.२.३ उद्देश्य | १४ |
| ३.२.४ आधारभूत तहको शिक्षासँग सम्बन्धित केही सूचकहरु | १४ |
| ३.२.५ लक्ष्य प्राप्तिका लागि रणनीतिहरु | १७ |
| ३.२.६ अपेक्षित उपलब्धि | १९ |
| ३.२.७ नतिजाहरु | १९ |
| ३.२.८ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु | १९ |
| ३.३ माध्यमिक शिक्षा | २० |
| ३.३.१ परिचय | २० |
| ३.३.२ वर्तमान अवस्था | २० |
| ३.३.३ उद्देश्य | २० |
| ३.३.४ कक्षा ९ र १० का केही सूचकहरुको वर्तमान अवस्था र आगामी ५ वर्षका लागि लक्ष्य | २१ |
| ३.३.५ रणनीतिहरु | २२ |
| ३.३.६ अपेक्षित उपलब्धिहरु | २४ |
| ३.३.७ नतिजाहरु | २४ |
| ३.३.८ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु | २४ |
| ३.४ पाठ्यक्रम र मूल्याङ्कन | २५ |

| | |
|---|---|
| ३.४.१ परिचय | २५ |
| ३.४.२ वर्तमान अवस्था | २५ |
| ३.४.३ उद्देश्य | २६ |
| ३.४.४ रणनीतिहरु | २६ |
| ३.४.५ अपेक्षित उपलब्धिहरु | २६ |
| ३.४.६ नतिजाहरु | २६ |
| ३.४.७ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु | २६ |
| ३.५ शिक्षक व्यवस्थापन र विकास | २७ |
| ३.५.१ परिचय | २७ |
| ३.५.२ वर्तमान अवस्था | २७ |
| ३.५.३ उद्देश्य | २७ |
| ३.५.४ रणनीतिहरु | २८ |
| ३.५.५ अपेक्षित उपलब्धिहरु | २९ |
| ३.५.६ नतिजाहरु | २९ |
| ३.५.७ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु | २९ |
| ३.६ अनौपचारिक शिक्षा जीवनपर्यन्त सिकाइ | ३० |
| ३.६.१ परिचय | ३० |
| ३.६.२ वर्तमान अवस्था | ३१ |
| ३.६.३ उद्देश्य | ३१ |
| ३.६.४ रणनीतिहरु | ३१ |
| ३.६.५ अपेक्षित उपलब्धिहरु | ३२ |
| ३.६.६ नतिजाहरु | ३२ |
| ३.६.७ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु | ३२ |
| **परिच्छेद ४ अन्तर्सम्बन्धित विषय तथा क्षेत्रहरु** | ३३ |

| | |
|---|---|
| ४.१. शैक्षिक समता र समावेशीकरण | ३३ |
| ४.१.१ परिचय | ३३ |
| ४.१.२ वर्तमान अवस्था | ३३ |
| ४.१.३ उद्देश्य | ३३ |
| ४.१.४ रणनीतिहरु | ३३ |
| ४.१.५ अपेक्षित उपलब्धि | ३४ |
| ४.१.६ नतिजा | ३४ |
| ४.१.७ प्रमुख कार्यकलापहरु | ३४ |
| ४.२ दिवा खाजा व्यवस्थापन, विद्यार्थी स्वास्थ्य तथा पोषण | ३५ |
| ४.२.१ परिचय | ३५ |
| ४.२.२ वर्तमान अवस्था | ३५ |
| ४.२.३ उद्देश्य | ३५ |
| ४.२.४ रणनीतिहरु | ३५ |
| ४.२.५ अपेक्षित उपलब्धि | ३६ |
| ४.२.६ नतिजा | ३६ |
| ४.२.७ मुख्य कार्यकलापहरु | ३७ |
| ४.३ छात्रवृत्ति व्यवस्थापन | ३७ |
| ४.३.१ परिचय | ३७ |
| ४.३.२ वर्तमान अवस्था | ३८ |
| ४.३.३ उद्देश्य | ३८ |
| ४.३.४ रणनीतिहरु | ३८ |
| ४.३.५ उपलब्धि | ३८ |
| ४.३.६ नतिजा | ३९ |
| ४.३.७ मुख्य कार्यकलापहरु | ३९ |

| | |
|---|---|
| ४.४ आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षण | ३९ |
| ४.४.१ परिचय | ३९ |
| ४.४.२ वर्तमान अवस्था | ३९ |
| ४.४.३ उद्देश्य | ४० |
| ४.४.४ रणनीतिहरु | ४० |
| ४.४.५ उपलब्धि | ४१ |
| ४.४.६ नतिजा | ४१ |
| ४.४.७ प्रमुख कार्यकलापहरु | ४१ |
| ४.५ विद्यालय भौतिक पूर्वाधार निर्माण र मर्मत | ४१ |
| ४.५.१ परिचय | ४१ |
| ४.५.२ वर्तमान अवस्था | ४१ |
| ४.५.३ उद्देश्य | ४२ |
| ४.५.४ रणनीति | ४२ |
| ४.५.५ उपलब्धि | ४२ |
| ४.५.६ नतिजा | ४२ |
| ४.५.७ मुख्य क्रियाकलापहरु | ४२ |
| ४.६. विद्यालयमा सूचना र सञ्चार प्रविधि | ४३ |
| ४.६.१ परिचय | ४३ |
| ४.६.२ वर्तमान अवस्था | ४३ |
| ४.६.३ अवसर | ४३ |
| ४.६.४ चुनौती | ४४ |
| ४.६.५ उद्देश्य | ४४ |
| ४.६.६ रणनीति | ४४ |
| ४.६.७ उपलब्धि | ४४ |

| | |
|---|---|
| ४.६.८ नतिजा | ४४ |
| ४.६.९ प्रमुख क्रियाकलापहरु | ४५ |
| ४.७ प्राविधिक र व्यावसायिक शिक्षा | ४५ |
| ४.७.१ परिचय | ४५ |
| ४.७.२ वर्तमान अवस्था | ४६ |
| ४.७.३ उद्देश्य | ४६ |
| ४.७.३ रणनीतिहरु | ४६ |
| ४.७.५ अपेक्षित उपलब्धि | ४७ |
| ४.७.६ नतिजाहरु | ४७ |
| ४.७.७ मुख्य कार्यकलापहरु | ४८ |
| ४.८ अभिभावक शिक्षा | ४९ |
| ४.८.१ परिचय | ४९ |
| ४.८.२ वर्तमान अवस्था | ४९ |
| ४.८.३ उद्देश्यहरु | ५० |
| ४.८.४ रणनीतिहरु | ५० |
| ४.८.५ अपेक्षित उपलब्धिहरु | ५१ |
| ४.८.६ नतिजाहरु | ५१ |
| ४.८.७ मुख्य कार्यकलापहरु | ५१ |
| **परिच्छेद ५ सुशासन तथा व्यवस्थापन** | ५३ |
| ५.१ संस्थागत संरचना र क्षमता विकास | ५३ |
| ५.१.१ परिचय | ५३ |
| ५.१.२ वर्तमान अवस्था | ५३ |
| ५.१.३ उद्देश्य | ५३ |
| ५.१.४ रणनीतिहरु | ५४ |

| | |
|---|---|
| ५.१.५ उपलब्धि | ५४ |
| ५.१.६ नतिजा | ५४ |
| ५.१.७ प्रमुख कार्यकलापहरु | ५४ |
| **परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन** | ५६ |
| ६.१ परिचय | ५६ |
| ६.२ वर्तमान अवस्था | ५६ |
| ६.३ उद्देश्य | ५६ |
| ६.४ रणनीतिहरु | ५७ |
| ६.५ उपलब्धि | ५७ |
| ६.६ नतिजा | ५७ |
| ६.७ मुख्य कार्यकलापहरु | ५७ |
| आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ का लागि अनुमानित बजेट र कार्यक्रमहरु | ५८ |
| पालिकाले प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने चार क्षेत्रहरु | ७४ |
| सन्दर्भ सामग्रीहरु | ७५ |
| अनुसूची -१ | ७६ |
| अनुसूची -२ | ७९ |

# तालिकाहरुको सूची


| तालिकाको विषयवस्तु | पेज नं. |
|---|---|
| १. विद्यालयमा विद्यार्थीहरुको उपस्थितिको अवस्था र लक्ष्य | ५ |
| २. बाल विकास शिक्षाका लक्ष्यसहितका केही सूचकहरु | १० |
| ३. कक्षा १ देखि ५ सम्मका लक्ष्यसहितका केही सूचकहरु | १४ |
| ४. कक्षा ६ देखि ८ सम्मका लक्ष्यसहितका केही सूचकहरु लक्ष्यसहित | १५ |
| ५. कक्षा १ देखि ३ सम्मको लक्ष्यसहितको विषयगत र तहगत GPA | १५ |
| ६. कक्षा ४ र ५ को लक्ष्यसहितको विषयगत र तहगत GPA | १६ |
| ७. कक्षा ४ देखि ८ सम्मको लक्ष्यसहितको विषयगत र तहगत GPA | १६ |
| ८. कक्षा ९ र १० सँग सम्बन्धित लक्ष्यसहितका केही सूचकहरु | २१ |
| ९. कक्षा ९ र १० को लक्ष्यसहितको विषयगत र तहगत GPA | २१ |

# परिच्छेद १: परिचय

# पृष्ठभूमि

## १.१ भौगोलिक अवस्थिति

इन्द्रसरोवर गाउँपालिका बागमती प्रदेशको मकवानपुर जिल्लाका १० ओटा पालिकाहरुमध्येको एक हो । यो पालिका मकवानपुर जिल्लाको उत्तरपूर्वी भेगमा रहेको छ । यो पालिका संघीय राजधानी काठमाडौंदेखि ४६ किलोमिटर तथा जिल्ला सदरमुकाम एवं बागमती प्रदेशको राजधानी हेटौंडाबाट ४२ किलोमिटरको दूरीमा रहेको छ। यस पालिकाको क्षेत्रफल ९७.३२ वर्ग किलोमिटर रहेको छ। यो गाउँपालिका साविकका चारओटा गाउँ विकास समिति- मार्खु, फाखेल, कुलेखानी र सिस्नेरी मिलेर बनेको हो। यस गाउँपालिकामा जम्मा ५ ओटा वडाहरु रहेका छन् । यस पालिकाको पूर्वमा ललितपुर जिल्लाको बागमती गाउँपालिका र काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिका रहेका छन् । पालिकाको पश्चिममा मकवानपुर जिल्लाको थाहा नगरपालिका र भीमफेदी गाउँपालिका रहेका छन् भने दक्षिणमा मकवानपुर जिल्लाकै भीमफेदी गाउँपालिका रहेको छ। उत्तरमा भने काठमाडौं जिल्लाका चन्दागिरी र कीर्तिपुर नगरपालिका र मकवानपुर जिल्लाको थाहा नगरपालिका रहेका छन् । वि. सं. २०३८ सालमा निर्माण सम्पन्न भएको इन्द्रसरोवर जलासयको नामबाट यस गाउँपालिकाको नामाकरण भएको पाइन्छ।

यस पालिकाका पर्यटकीय स्थानहरुमा इन्द्रसरोवर ताल, मार्खु, भेडाफर्म, ठाडोखोला झरना, झोलुङ्गे पुल, लक्ष्मीनारायण मन्दिर, धनलक्ष्मी मन्दिर, ह्वाङह्वाङ दुलो, पञ्चकन्या मन्दिर, छोडछोड झरना, ल्हुन्डुव छ्योइलिङ गुम्बा, विर फखेल मैत्री पार्क, भालेश्वर महादेव मन्दिर, सुन्दरीदेवी झरना, गुप्तेश्वरी गुफा, ऐतिहासिक छापडाँडा, जातिपोखरी, भीमसेन मन्दिर आदि रहेका छन् ।

इन्द्रसरोवर गाउँपालिका ८५ डिग्री ०७ मिनेट ५० सेकेण्ड पूर्वी देशान्तरदेखि ८५ डिग्री १५ मिनेट ४७ सेकेण्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यस्तै २७ डिग्री ३२ मिनेट १४ सेकेण्ड उत्तरी अक्षांशदेखि २७ डिग्री ४० मिनेट ०० सेकेण्ड उत्तरी अक्षांशसम्म फैलिएको छ।

## १.२ जनसाङ्ख्यिक संरचना

२०७८ सालको जनगणना अनुसार इन्द्रसरोवर गाउँपालिकाको जनसङ्ख्या १३५३४ रहेको छ। यसमध्ये ६६१७ पुरुष र ६९१७ महिला रहेका छन् । यस पालिकाको परिवार संख्या ३४०३ रहेको छ।

## १.३ सामाजिक तथा साँस्कृतिक अवस्था

यस इन्द्रसरोवर गाउँपालिकामा बसोबास गरेका मानिसहरुको जातजातिगत संरचना देहायअनुसार रहेको छः तामाङ ७१.७८ प्रतिशत, नेवार ९.१० प्रतिसत, क्षेत्री ८.५१ प्रतिसत, मगर ६.११ प्रतिसत, ब्रामण १.८९ प्रतिसत, कामी १.१० प्रतिसत, दमाइ ०.१० प्रतिसत, ठकुरी ०.५५ प्रतिसत र अन्य ०.८५ प्रतिसत रहेको छ। आर्थिक रुपमा यस पालिकामा निम्नमध्यम बर्गीय जनताहरुको बसोबासमा बाहुल्यता रहेको छ।

## १.४ शैक्षिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको साक्षरता ७१.४४ प्रतिशत रहेको छ। साक्षरताको यो प्रतिशतमध्ये पुरुष साक्षरता ७८.४९ र महिला साक्षरता ६४.७७ प्रतिशत रहेको छ।

शिक्षा तथा मानव स्रोत विकाक केन्द्रको २०८० को तथ्याङ्कअनुसार यस इन्द्रसरोवर पालिकाको आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर १००.८ र खुद भर्ना दर ९५.७ रहेको देखिन्छ। आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर १००.६ र खुद भर्ना दर ९४.६ रहेको छ। प्राप्त तथ्याङ्कअनुसार माध्यमिक तह कक्षा ९ र १२ को कुल भर्ना दर ५३.८ र खुद भर्ना दर ४०.२ रहेको छ। साथै माध्यमिक तह कक्षा ११ र १२ को कुल भर्ना दर २९.३ र खुद भर्ना दर १३.९, कक्षा ९ र १० को कुल भर्ना दर ८६.४ र खुद भर्ना दर ७५.३ रहेको देखिन्छ।

इन्द्रसरोवर गाउँपालिकामा जम्मा २१ ओटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन्। जसमध्ये कक्षा १ देखि ३ सम्मको पठनपाठन हुने १ विद्यालय, बालविकासदेखि ३ कक्षासम्मका २ ओटा विद्यालय, बालबिकासदेखि कक्षा ५ सम्मका ११ ओटा विद्यालय, बालविकासदेखि ८ सम्मका १ विद्यालय, बालविकासदेखि १० सम्मका ३ र बालविकासदेखि १२ कक्षासम्मका ३ ओटा विद्यालय रहेका छन्। यस पालिकामा विद्यालयमा आधारित २० ओटा र समुदायमा आधारित ११ ओटा गरी ३१ ओटा बाल विकास केन्द्रहरु रहेका छन्। यसका साथै पालिकामा ३ ओटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन्।

## १.५ गाउँ शिक्षा योजना निर्माणका आधारहरु

क) नेपालको संविधान

ख) विद्यमान ऐन नियम र नीतिहरु

ग) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

घ) राष्ट्रिय/प्रादेशिक आवधिक योजना

ङ) दीगो विकास लक्ष्य

च) नेपाल सरकार तथा प्रदेश सरकारको मार्गदर्शन

छ) राजनीतिक दलको घोषणापत्र

ज) गाउँपालिका नेतृत्वको सकारात्मक ऊर्जा ।

## १.६ तथ्याङ्क सङ्कलनका क्रममा विद्यालयमा पाइएका राम्रा अभ्यासहरु

१. विद्यालयमा हरियाली प्रवर्धनका लागि सुरुवात भएको

२. अधिकांश विद्यार्थीहरु आफ्ना समस्याहरु सहज रुपमा राख्नसक्ने क्षमताका पाइएको

३. केही विद्यालयमा आधारभूत तहका बालबालिकाहरुलाई पनि सेतोपाटीको प्रयोगमा अभ्यास गराइएको पाइएको

४. केही विद्यालयहरुका बाल विकास कक्षाहरुमा मन्टेश्वरी विधिको पनि प्रयोग गर्ने गरिएको

५. प्रत्येक शुक्रबार अतिरिक्त कार्यकलाप सञ्चालन हुने गरेको पाइएको

६. केही विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव र पुस्तकालयको स्थापना भएको

७. पालिकाका विद्यालयहरुले वार्षिक कार्ययोजना र वार्षिक शैक्षणिक योजना बनाउने गरेको

८. पालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाले विद्यालयमा योजनाबद्ध शिक्षण प्रवर्धन गर्न पाठयोजनाको प्रारुपसहितको शैक्षिक डायरी पालिकाका सबै शिक्षकहरुलाई उपलब्ध गराउने गरेको

९. प्राविधिक धारतर्फ कृषि र Engennering को पठनपाठन भएको

१०. खेलकूदको विकास गर्न ANFA Academy को सुरुवात भएको

११. विद्यालयका प्रार्थना सभालाई सिकाइ कार्यकलापका रुपमा सञ्चालन

१२. स्थानीयस्तरका सहकारी संस्थाहरुले आफ्नो सामाजिक दायित्व अन्तर्गत विद्यार्थीहरुलाई स्टेशनरी सामग्रीहरु दिने गरेको

१३. खाजा व्यवस्थापनमा विद्यार्थी, शिक्षक र कर्मचारीहरुको जिम्मेवारीपूर्ण सक्रियता रहेको

१४. विद्यार्थीहरुलाई विद्यालयमा आकर्षित गर्न र टिकाउन पालिकाका वडाहरुले विद्यालय पोषाक, school bag र स्टेशनरी सामग्री उपलब्ध गराउने गरेको ।

## १.७ विद्यालयीय शिक्षासम्बन्धी समस्या र चुनौतीहरु

१. अभिभावकमा शिक्षाप्रति सचेतनाको कमी

२. विद्यालयमा जिम्मेवारीपूर्ण शिक्षणसिकाइको कमी

३. अभिभावकहरुको अंग्रेजी भाषाप्रतिको बढ्दो मोह

४. केही विद्यालयमा खेलमैदान नहुनु

५. नेतृत्व क्षमता भएका प्रधानाध्यापकको कमी

६. केही शिक्षकहरुमा भएको जागिरे मनोवृत्ति

७. अधिकांश शिक्षक विद्यार्थीमा पठन संस्कृतिको कमी

८. व्याख्यान विधिमा आधारित शिक्षणसिकाइ

९. शिक्षाक्षेत्रका लागि बजेटको कमी

१०. शिक्षणसिकाइ कार्यकलापमा शैक्षिक सामग्रीको प्रयोग कम हुनु

११. विद्यालय र समुदायबिच सम्बन्ध दरिलो नहुनु

१२. केही बाल कक्षाको कक्षाकोठा व्यवस्थापनमा कमी

१३. व्यवहारिकभन्दा बढी सैद्धान्तिक शिक्षाको बाहुल्यता।

## १.८ अवसरहरु

१. स्वच्छ र स्वस्थ हावापानी रहेको र देशको राजधानी काठमाडौंबाट छोटो दूरीमा अवस्थित भएको हुनाले शैक्षिक हवका रुपमा विकसित हुनसक्ने

२. फूटबल खेलको हब हुनसक्ने

३. शिक्षा विकासका लागि विभिन्न संघसंस्थाको सहभागिता हुनु।

४. सुचना तथा संचार प्रविधिको विकास तिब्र गतिमा हुनु।

५. इन्द्रसरोवर गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राख्नु।

६. स्थानिय पाठ्यक्रम तयार गर्ने कार्यान्वयन गर्ने जिम्मेवारी स्थानिय तहको हुनु।

## १.९ तथ्याक्त सङ्कलन प्रक्रिया

प्रस्तुत योजना निर्माणका लागि पालिकाका पदाधिकारी र विद्यालयका प्रधानाध्यापकहरुको सहभागितामा पालिकाका विभिन्न १० विद्यालयहरुलाई केन्द्र मानेर सबै विद्यालयका विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी र सबै शिक्षकहरु सहभागी गराएर तथ्याङ्क सङ्कलनका लागि योजनाको निर्माण भयो। योजनाअनुसार सबै विद्यालयमा पुगी कार्यसम्पादन भयो। वडाका सबै जनप्रतिनिधि, शिक्षकका पेशागत संस्थाका प्रतिनिधिहरु, पालिकाको शिक्षा विकासमा योगदान गरिरहेका गैरसरकारी संस्थाका प्रतिनिधिहरु, गाउँ शिक्षा समितिका पदाधिकारीहरु र गाउँ कार्यपालिकाका पदाधिकारीहरुसँग अन्तर्क्रिया गरी तथ्याङ्क सङ्कलन गरियो। १० ओटा विद्यालयहरुमा सञ्चालन गरिएको अन्तर्क्रिया र गाउँपालिकामा समेत गरी १००० भन्दा बढी सरोकारवालाहरुको सक्रिय सहभागिता रहेको थियो। विभिन्न सूचकहरु र विषयगत उपलब्धिको

आधार वर्षको अवस्था, आगामी ५ वर्षको लक्ष्य निर्धारण गर्न विद्यालयहरुबाट अनुसूचीमा भएको फाराम उपलब्ध गराइएको थियो । सबै विद्यालयहरुबाट उत्साहका साथ यथा समयमा तथ्याङ्क प्राप्त भएको थियो ।

## १.१० विद्यालयमा विद्यार्थीहरुको उपस्थितिको अवस्था र लक्ष्य

सबै विद्यालयहरुको शैक्षिक वर्ष २०८१ मा भर्ना भएका विद्यार्थीहरुको विवरण र तथ्याङ्क सङ्कलन समयको एक दिनको विद्यार्थीहरुको उपस्थिति सङ्ख्या लिएर विद्यालयमा विद्यार्थीहरुको उपस्थिति प्रतिशत र भावी लक्ष्य तयार गरिएको हो जो देहायअनुसार रहेको छः

तालिका नं. १

| क्र सं | कक्षा/तह | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १ | बालविकास | ८०.९८ | ८३.५ | ८५.०० | ८७.५ | ८९ | ९१.५ |
| २ | कक्षा १ देखि ५ | ८८.३३ | ८९.५ | ९१ | ९२.५ | ९४ | ९५.५ |
| ३ | कक्षा ६ देखि ८ | ८६.०१ | ८७.५ | ८९ | ९०.५ | ९२ | ९३.५ |
| ४ | कक्षा ९ र १० | ८२.७४ | ८४ | ८६ | ८८ | ९० | ९२ |
| ५ | कक्षा ११ र १२ | ९६.४४ | ९६.४४ | ९६.४४ | ९६.४४ | ९६.४४ | ९७ |

## १.११ विद्यार्थीहरुको नियमित उपस्थिति वृद्धिका उपायहरु

१. शिक्षकहरुमा आत्मसम्मान र सकारात्मक मनोवृत्तिको वृद्धि

२. कक्षा शिक्षकबाट कक्षामा उपस्थित नभएका बालबालिकाका अभिभावकसँग सम्पर्क र विद्यार्थी नियमितताका लागि सरसल्लाह

३. सबै बाल विकास केन्द्रमा बाल बाटिकाको व्यवस्था

४. बाल कक्षाको कक्षाकोठा व्यवस्थापनमा सुधार

५. बालमैत्री कक्षाकोठा व्यवस्थापन

६. सहभागितामूलक शैक्षिक कार्यकलाप सञ्चालन

७. विद्यार्थीहरुलाई सिक्नका लागि प्रोत्साहन

८. योजनाबद्ध शिक्षणसिकाइ कार्यकलाप

९. शिक्षणसिकाइ कार्यकलापमा शैक्षिक सामग्रीको प्रयोग

१०. सहकार्यमूलक शिक्षणसिकाइको प्रयोग

११. शिक्षकहरुबाट प्रत्येक वर्ष कम्तिमा एउटा कार्यमूलक अनुसन्धान सम्पादन र प्राप्त निष्कर्षहरुको कार्यान्वयन

१२. अभिभावक शिक्षाका लागि कार्यक्रमहरुको सञ्चालन

१३. अभिभावकसँग सम्बन्ध वृद्धि गर्नका लागि नियमित रुपमा सम्पर्क र घरदैलो कार्यक्रम सञ्चालन

१४. अद्यावधिक गरिएका ज्ञान र सिपका आधारमा दैनिक शिक्षणसिकाइ कार्यकलाप सञ्चालन

१५. कक्षाकोठामा विषयगत रुपमा सह कार्यकलापको सञ्चालन

१६. सिकाइका दृष्टिले कमजोर मानिएका विद्यार्थीहरुका लागि थप सहयोग र अभिभावकसँगको समन्वय र सहकार्यमा सिक्नका लागि प्रोत्साहन

१७. साप्ताहिक रुपमा विद्यालयगत र तहगत रुपमा अतिरिक्त कार्यकलापको सञ्चालन

१८. सिकाइ सहजकर्ताका रुपमा शिक्षकको भूमिका

१९. कक्षा ५ सम्म विषयगत कुना र कक्षा ६ देखिमाथि विषयगत ल्यावको व्यवस्था

२०. नियमित स्टाफ बैठक सञ्चालन र अन्य उपयुक्त उपायहरु पहिचान र उपयोग

२१. बाल विकास कक्षालाई खेल समूह र बाल कक्षा गरी २ तहमा सञ्चालन र सोअनुसार सहयोगी कार्यकर्ता व्यवस्थापन ।

# परिच्छेद २:

# सोच, लक्ष्य, उद्देश्य र रणनीति

## २.१ दूरदृष्टि (Vision)

सहज सिकाइ वातावरण जीवनोपयोगी शिक्षा असल र कुशल नागरिक इन्द्रसरोवरको इच्छा ।

## २.२ लक्ष्य (Mission)

गाउँपालिकाको आवश्यकताअनुरुपको असल र कुशल मानव संसाधन विकास गनका लागि विद्यालयको वातावरणलाई सिकाइमैत्री बनाई सिपसहितको जीवनोपयोगी शिक्षा प्रदान गर्ने ।

## २.३ उद्देश्यहरु (Objectives)

१. विद्यालयको भौतिक र शैक्षिक वातावरण सिकाइमैत्री बनाउनु

२. स्तरीय शिक्षाका लागि विद्यालयमा असल संस्कारयुक्त कार्य वातावरण निर्माण गर्नु

३. गाउँपालिकाका सबै बालबालिकालाई प्रारम्भिक बाल विकासको अवसर प्रदान गर्नु

४. आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क गरी माध्यमिक शिक्षालाई सर्वसुलभ, निःशुल्क, गुणस्तरीय, जीवनउपयोगी र प्रविधियुक्त बनाउनु

५. पालिकाको शैक्षिक विकासमा सबै सरोकारवालाहरुलाई स्पष्ट दायित्वसहित परिचालन गरी पारदर्शितापूर्ण एवं परिवर्तनको अनुभूति हुने अवस्थाको सिर्जना गर्नु

६. विद्यार्थीहरुको सर्वाङ्गीण विकासका लागि आधुनिक ज्ञान, विज्ञान र प्रविधिसँग आत्मसात गराउँदै आत्मनिर्भर नागरिक तयार गर्नु

७. प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गरी सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु

८. विद्यार्थीहरुमा रहेको विशिष्ठ प्रतिभाको पहिचान गरी त्यसको प्रस्फुटन हुनसक्ने वातावरण तर्जुमा गर्नु

९. शिक्षाका सरोकारवालाहरुमा शिक्षाप्रतिको जागरण बढाउनु

१०. विद्यार्थीहरुमा श्रमप्रति श्रद्धा जगाई आय आर्जन गर्न सक्ने आधारभूत सिपको विकास गर्नु

११. विपद् महामारी तथा आपतकालिन अवस्थामा समेत सिकाईलाई निरन्तरता प्रदान गर्न सक्ने उत्थानशील प्रणालिको स्थापना तथा विकास गर्नु

१२. अपाङगता भएका बालबालिका, बालिका तथा अफ्ठ्यारा अवस्थामा रहेका बालबालिकाहरूको शिक्षाको अधिकार सुनिश्चीत गरी आवस्यकता अनुसारको शैक्षिक वातावरणको सृजना गर्नु ।

## २.४ रणनीतिहरु (Strategies)

१. विद्यालयमा बालमैत्री भौतिक संरचनाको प्रबन्ध गर्ने

२. विद्यालयहरुमा असल कार्य संस्कारको प्रबर्धन गर्ने

३. विद्यालय शिक्षाका प्रत्यक्ष सरोकारवालाहरुको आचारसंहिता निर्माण गरी कार्यान्वयनमा लैजाने

४. बाल विकास कक्षाका लागि आवश्यक भौतिक पूर्वाधारको प्रबन्ध गरी सबै बालबालिकालाई बाल विकास र शिक्षामा पहुँचको सुनिश्चित गर्ने

५. तालिम प्राप्त योग्य  शिक्षक र उपयुक्त शैक्षिक वातावरण सिर्जना गरी प्रारम्भिक शिक्षालाई विशेष प्राथमिकता साथ अघि बढाउने

६. आधारभूत तहका बालबालिकाहरुलाई विद्यालय पोशाक, दिवा खाजा र स्टेशनरी सामग्री उपलब्ध गराउने

७. आधारभूत तहका प्रत्येक कक्षाका विद्यार्थीहरुलाई कक्षागत सक्षमता हासिल गर्नसक्ने बनाउने

८. सबै माध्यमिक विद्यालयहरुमा सूचना प्रविधिका लागि आवश्यक साधन र इन्टरनेटको सुविधा उपलब्ध गराई विद्यार्थीहरुलाई प्राविधिक सिप प्रदान गर्ने

९. प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट विद्यार्थीहरुमा स्वरोजगार र उद्यमशीलताको विकास गर्ने

१०. विद्यार्थीकेन्द्रित शिक्षण विधिहरुको प्रयोग गरी माध्यमिक शिक्षालाई सर्वसुलभ र स्तरयुक्त बनाउने

११. विद्यालयका शैक्षणिक क्रियाकलापहरुमा विविध प्रकारका अपाङ्गता र लैंगिक सहभागितासमेतलाई समेटी सबै विद्यार्थीहरुलाई सिकाइ अवसरमा  सहभागी गराउने

१२. समूहकार्य, परियोना कार्य इत्यादि जस्ता शिक्षार्थीकेन्द्रित विधिहरुको अभ्यासद्वारा सिकाइलाई सबलीकरण गर्ने

१३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षासँग सम्बन्धित सरोकारवालाहरुलाई पालिकाको शैक्षिक गन्तव्य बारे प्रबोधीकरण गरी आआफ्ना भूमिकामा सक्रिय गराउने

१४. विद्यार्थीहरुलाई सूचना प्रविधिको आधारभूत ज्ञानसिप दिई सामाजिक सञ्जालको सदुपयोगद्वारा आय आर्जन गर्नसक्ने क्षमता प्रदान गर्ने

१५. विद्यार्थीहरुमा अन्तरनिहित विशिष्ट प्रतिभा प्रकट हुनसक्ने विविध अवसरहरु सिर्जना गरी प्रतिभाहरुको पहिचान गर्ने र त्यसको प्रस्फुरण गराउन विद्यालयको क्षमताभित्रको वातावरण दिने र प्रतिभा प्रस्फुरण हुनसक्ने परिवेशको खोजी गर्ने

१६. व्यवहारिक जीवनमा प्रयोगमा आइरहने विभिन्न सिपहरु प्रदान गरी विद्यार्थीहरुमा आय आर्जनका साथै आत्मनिर्भरताको आधार तयार गर्ने

१७. आम अभिभावकहरुमा शिक्षाको महत्व बोध गराई अभिभावकीय दायित्व बहन गर्ने क्षमता अभिवृद्धिका लागि सचेतना र जागरुकता वृद्धि गर्ने ।

१८. शिक्षा प्रणालीलाई आधुनिक सूचना तथा सञ्चार प्रणालीसँग गाँस्ने

१९. शिक्षणसिकाइ प्रक्रियालाई व्यवहारिक एवं कार्यमूलक बनाउने

## २.५ योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका उपलब्धिहरु

१. शिक्षक. विद्यार्थी, अभिभावक र स्थानीय सरकारमा शिक्षा सुधारमा जिम्मेवारीको भावना बढ्ने

२. विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको सिकाइ उपलब्धिस्तर बढ्ने

३. शिक्षक शिक्षक, विद्यार्थी विद्यार्थी, शिक्षक विद्यार्थी, विद्यालय समुदाय र विद्यालय स्थानीय सरकारबिचको सम्बन्ध सुदृढ हुने

४. शिक्षा क्षेत्रको विकासका लागि सरकारको बजेट वृद्धि हुने

५. पालिकाभित्रका बालबालिकाहरुले टाढाको विद्यालयमा गई महङ्गो शुल्क तिरेर अध्ययन गर्नुपर्ने वाद्यताको अन्त्य हुने

६. विद्यालयीय शिक्षाको पहुँच बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना भएर अध्ययन गर्ने अनुकूल वातावरण हुने

७. विद्यालयहरु सिकाइ संस्था (Learning organization) का रुपमा विकास हुने

८. शिक्षाका सरोकारवालाहरुको ध्यान इन्द्रसरोवर गाउँपालिकाको शिक्षा विकासका लागि बढ्ने

९. जिम्मेवारीपूर्ण शिक्षणसिकाइ (Responsive teaching learning) को आत्मसात्करण हुने

१०. इन्द्रसरोवर गाउँपालिका बागमती प्रदेशको सामुदायिक विद्यालयीय शिक्षाको उत्कृष्ठ शैक्षिक गन्तव्य हुने

११. शिक्षक विद्यार्थीको नियमिततामा वृद्धि हुने

१२. शिक्षणसिकाइमा प्रभावकारिता बढ्ने

१३. पालिकास्तर र जिल्लास्तरमा सञ्चालन हुने परीक्षाको नतिजामा उल्लेख्य सुधार आउने

१४. स्थानीय स्रोतसाधनको उपयोगिता बढ्ने

१५. विद्यार्थीहरुमा जीवन उपयोगी प्राविधि सिप अभिवृद्धि हुने

१६. विद्यालय परिसर हरियालीयुक्त हुने

१७. सर्वसाधारणमा शिक्षाको महत्वबोध हुने

१८. जनताको जीवनस्तरमा सुधार आउने।

# परिच्छेद ३ः
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु

## ३.१ बालविकास र शिक्षा

### ३.१.१ परिचय

बालबालिकाहरुलाई विद्यालय जाने उमेरअघिबाटै आधारभूत शिक्षा लिने तयारीका लागि उनीहरुको सर्वाङ्गीण विकासका लागि सहयोग गर्ने कार्यक्रम हो । यसका निमित्त मूलत खेल, गीत, नृत्य आदि विधि प्रयोग गरी बालबालिकाहरुका बानी व्यवहारमा सकारात्मक परिवर्तन गराइन्छ । निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएअनुसार जन्मदेखि ८ वर्षसम्मको बाल विकासको अवधिलाई २ वर्षसम्म २ वर्षदेखि ४ वर्षसम्म र ४ वर्षदेखि ८ वर्षसम्म गरी ३ समूहमा विभाजन गरिएको छ। चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भीक बालविकास शिक्षा कार्यक्रम संचालन हुने व्यवस्था छ।

### ३.१.२ वर्तमान अवस्था

इन्द्रसरोवर गाउँपालिकामा अहिले जम्मा ३१ ओटा बाल विकास केन्द्रहरु रहेका छन् । यी केन्द्रहरुमध्ये २० ओटा विद्यालयमा आधारित छन् भने ११ ओटा समुदायमा आधारित छन् । यी बाल विकास केन्द्रमा शैक्षिक वर्ष २०८१ मा ४२७ जना बालबालिकाहरु भर्ना भएका छन् । यी सबै बाल विकास केन्द्रमा सहयोगी कार्यकर्ताका रुपमा ३८ जना सहजकर्ताहरू कार्यरत रहेका छन् । समुदायमा आधारित बाल विकास केन्द्रहरुको सञ्चालनको अवस्था सामान्य रहेको छ। बाल विकास केन्द्रको सञ्चालनमा पालिकाले लगानी गरिरहेको छ। बाल विकास केन्द्रका लागि स्रोतको व्यवस्थापन कमजोर रहेको छ। पर्याप्त भौतिक पूर्वाधार नहुनु जनशक्तिको क्षमता कमजोर हुनु जस्ता समस्याहरु र बालबालिकाको सङ्ख्या घट्दो क्रममा हुनु चुनौतीका रुपमा रहेका छन् ।

### ३.१.३ उद्देश्य

१. प्रारम्भिक बालबिकासका सबै उमेर समूहका बालबालिकालाई पूर्वप्राथमिक तहमा पहुँच सूनिश्चितता गर्नु,
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु

### ३.१.४ बालविकास र शिक्षासँग सम्बन्धित केही सूचकहरुको वर्तमान अवस्था र भावी लक्ष्य

सबै बाल विकास केन्द्रबाट प्राप्त तथ्याङ्कका आधारमा देहायका सूचकहरुको वर्तमान अवस्था र आगामी ५ वर्षका लागि लक्ष्य समेत निर्धारण भएको छः

तालिका नं. २

| सूचकहरु | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १. माथिल्लो कक्षामा जाने दर | ४८.१४ | ५१.२५ | ५४.०३ | ५७.८७ | ६१.१० | ६५.५२ |
| २. विद्यालय छाड्ने दर | ९.८२ | ७.७६ | ६.२९ | ४.८८ | ३.७० | २.३५ |
| ३. कक्षा दोहोर्याउने दर | ४२.१७ | ३६.०२ | ३३.५२ | ३०.२५ | २६.४४ | २२.३३ |
| ४. विद्यार्थीहरुको औसत उपस्थिति (दिनमा) | १५२.०१ | १५७.३४ | १६१.५८ | १६५.७४ | १७० | १७४.७३ |
| ५.शिक्षकको औसत उपस्थिति (दिनमा) | २१५.१३ | २२० | २२२.४ | २२४.८६ | २२७.३३ | २३०.२ |
| ६. विद्यालय खुल्ने जम्मा दिन | २३४.५२ | २३७.५२ | २३८.५८ | २३९.५२ | २४०.५२ | २४१.९४ |
| ७. पठनपाठन हुने जम्मा दिन | १९८.४७ | २००.०३ | २०२.१७ | २०३.२९ | २०४.२९ | २०६.२९ |

### ३.१.५ लक्ष्य प्राप्तिका लागि रणनीतिहरु

१. विद्यालय/बाल विकासकेन्द्रमा घेराबारको व्यवस्था गर्ने

२. बालमैत्री र समावेशी कक्षाकोठा व्यवस्थापन गर्ने

३. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको क्षमता विकासका कार्यक्रमहरु सञ्चान गर्ने

४. बालबालिका र बाल विकास केन्द्रको नियमित सरसफाइमा ध्यान दिने

५. खेल, गीतसङ्गित, कथा र चुट्किला इत्यादिको प्रयोग गरेर मनोरञ्जनपूर्ण वातावरणमा सिकाइ सहजीकरण गर्ने

६. सबै बालविकास केन्द्रमा स्मार्ट टेलिभिजनको व्यवस्था र उपयोग गरी मनोरञ्जनपूर्ण सिकाइ वातावरण निर्माण गर्ने

७. बालविकास केन्द्रका सहयोगी कार्यकर्ताले पाउने सेवासुविधालाई समसामयिक बनाउने

८. बालविकास केन्द्र र अभिभावकहरुबिच जीवन्त सम्बन्ध कायम गर्ने

९. अभिभावक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने

१०. शैक्षिक वर्षको सुरुमा भर्ना भएकामध्ये सोही वर्षको चैत मसान्तसम्म ८० प्रतिशत विद्यार्थीहरु टिकाउन सफल बाल कक्षाका लागि नगद पुरस्कार र प्रमाणपत्रको व्यवस्था गर्ने

११. बालबालिकाका आमाहरुसँग नियमित रुपमा भेटघाट र अन्तरक्रिया गर्ने

१२. नियमित उपस्थित नहुने बालबालिकाका अभिभावकसँग सम्पर्क गरी नियमित पठाउन अनुरोध गर्ने

१३. शिक्षणसिकाइ कार्यकलापमा रङ्गिन चित्र र चित्रकथाको प्रयोग गर्ने

१४. कार्यकलापमा बालबालिकाहरुको सक्रिय सहभागितामा वृद्धि गर्ने

१५. पालिकाको स्वास्थ्य शाखाबाट बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गर्ने

१६. पालिकाको स्वास्थ्य शाखा र विद्यालय नर्सको समन्वयमा सहयोगी कार्यकर्तालाई विद्यार्थी स्वास्थ्यसम्बन्धी क्षमता विकास

१७. स्थानीय उत्पादनसँग सम्बन्धित स्वास्थ्यवर्धक दिवाखाजाको प्रयोग गर्ने

१८. मापदण्डमा आधारित बालबाटिकाको स्थापना र उपयोग गर्ने

१९. विद्यालय/बालविकास केन्द्र परिसरमा पुष्पबाटिका निर्माण र हरियाली प्रवर्धनमा जोड दिने

२०. विद्यार्थीहरुलाई नजिकका मनोरञ्जनपूर्ण स्थानको भ्रमण गराई अझ खुसी बनाउने

२१. बाल विकास केन्द्रसँग सम्बन्धित काम गरिरहेका सरोकारवालाहरुसँग सहकार्य गर्ने

२२. नमुना बाल विकास केन्द्रको स्थापना गर्ने

२३. नियमित अनुगमन, सुपरिवेक्षण र पेशागत सहयोग गर्ने

### ३.१.६ अपेक्षित उपलब्धि

१. पालिकाका प्रारम्भिक बाल शिक्षाको उमेरका सबै बालबालिकाले गुणस्तरीय बाल विकासको अवसर पाएका हुनेछन् ।

### ३.१.७ नतिजाहरु

१. बाल विकास केन्द्रका सबै सहयोगी कार्यकर्ताहरु तोकिएको योग्यता पुगेका हुनेछन् ।

२. सबै सहयोगी कार्यकर्ताहरुले क्षमता विकासको अवसर प्राप्त गरेका हुनेछन् ।

३. सबै बाल विकास केन्द्रमा भौतिक पूर्वाधार पुगेको हुनेछ ।

४. प्रारम्भिक बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरु उत्साहका साथ आआफ्नो जिम्मेवारीमा सक्रिय भएका हुनेछन् ।

५. माथिको तालिकामा राखिएको लक्ष्य प्राप्त भएको हुनेछ ।

६. इन्द्रसरोवर गाउँपालिका प्रारम्भिक बाल विकास र शिक्षाका दृष्टिले असल अभ्यास भएको गन्तव्य हुनेछ ।

७. प्रारम्भिक बाल विकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने दर ६५.५२ पुगेको हुनेछ ।

८. सबै बाल विकास केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको अवस्था हुनेछ।

९. प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रममा परिवार, समुदाय, गैर सरकारी संस्था र विद्यालयहरु अझ बढी जिम्मेवार भइसकेका हुनेछन् ।

### ३.१.८ लक्ष्य हासिल गर्नका लागि मुख्य कार्यकलापहरु

१. बालउद्यानको स्थापना र प्रयोग

२. सहयोगी कार्यकर्ता क्षमता विकासका कार्यक्रमहरुको सञ्चालन

३. अभिभावक शिक्षाका कार्यकलापहरुको सञ्चालन

४. स्मार्ट टेलिभिजनको व्यवस्था र प्रयोग

५. पुष्पबाटिका निर्माण र उपयोग

६. घेराबार निर्माण र सुरक्षाको सुनिश्चितता

७. खेल सामग्रीको व्यवस्था र प्रयोग

८. बालबालिकाहरुलाई मनोसामाजिक परामर्श सेवा सञ्चालन

९. सहयोगी कार्यकर्ताको विद्यार्थी स्वास्थ्यसम्बन्धी क्षमता विकास

१०. सहयोगी कार्यकर्ताको सेवासुविधा वृद्धि

११. विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा मानिएको छ। विद्यार्थीहरुको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्ने क्षमता विकासका साथै माध्यमिक शिक्षाका लागि तयारीको लक्ष्य यस तहमा पूरा गरिन्छ। नेपालको संविधानअनुसार यो तहको शिक्षा निःशुल्क र अनिवार्य हुने र यसको दायित्व स्थानीय तहको हुने व्यवस्था छ। आधारभुत तहममा कक्षा १ देखि ८ सम्मको उमेर समूह ५ वर्ष देखि १२ वर्ष रहेको छ।

३.२.२ वर्तमान अवस्था

इन्द्रसरोवर गाउँपालिकामा कक्षा १ देखि ३ सम्मको शिक्षा दिने ३ ओटा विद्यालयहरु कक्षा १ देखि ५ सम्मको शिक्षा दिने ११ ओटा विद्यालयहरु कक्षा १ देखि ८ सम्मको शिक्षा दिने एउटा विद्यालय र ६ ओटा माध्यमिक विद्यालयमा समेत कक्षा १ देखि ८ सम्मको पठनपाठन भइरहेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको

२०८० को तथ्याङ्कअनुसार इन्द्रसरोवर गाउँपालिकाको कक्षा १ देखि ५ को खुद भर्ना दर ९५.७ रहेको छ भने कुल भर्ना दर १००.८ रहेको छ। त्यसैगरी कक्षा ६ देखि ८ को खुद भर्ना दर ९२.७ रहेको छ भने कुल भर्ना दर १००.२ रहेको छ। साथै कक्षा १ देखि ८ को खुद भर्ना दर ९४.६ रहेको छ भने कुल भर्ना दर १००.६ रहेको छ।

### ३.२.३ उद्देश्य

१. समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

२. लक्षियत सिकाइउपलब्धि र गुणस्तरको सुनिश्चितता गर्नु

३. सिकाइमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरणको सुनिश्चितता गर्नु

### ३.२.४ आधारभूत तहको शिक्षासँग सम्बन्धित केही सूचकहरु

कक्षा १ देखि ५  सँग सम्बन्धित केही सूचकहरुको वर्तमान अवस्था र आगामी ५ वर्षका लागि लक्ष्य

तालिका नं. ३

| सूचकहरु | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १. माथिल्लो कक्षामा जाने दर | ६७.८९ | ७९.४८ | ८२.२७ | ८४.२५ | ८६.३५ | ८९.०५ |
| २. विद्यालय छाड्ने दर | ११.७६ | ६.८४ | ५.८२ | ४.७७ | ३.९९ | २.५५ |
| ३. कक्षा दोहोर्याउने दर | १४.२० | ११.९३ | १०.१७ | ८.७२ | ७.६७ | ५.८७ |
| ४. विद्यार्थीहरुको औसत उपस्थिति (दिनमा) | १७५.६० | १६७.६२ | १८३.१८ | १८७.५६ | १९१.५६ | १९५.५६ |
| ५. शिक्षकको औसत उपस्थिति (दिनमा) | १९८.२ | २०१९.१३ | २२१.२६ | २२४ | २२६.७३ | २२९.०६ |
| ६. विद्यालय खुल्ने जम्मा दिन | २३४.५२ | २३७.५२ | २३८.५८ | २३९.५२ | २४०.५२ | २४१.९४ |
| ७. पठनपाठन हुने जम्मा दिन | १९८.४७ | २००.०३ | २०२.१७ | २०३.२९ | २०४.२९ | २०६.२९ |

कक्षा ६ देखि ८ का केही सूचकहरुको वर्तमान अवस्था र आगामी ५ वर्षका लागि लक्ष्य

तालिका नं. ४

| सूचकहरु | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १. माथिल्लो कक्षामा जाने दर | ६५.३० | ६७.८५ | ७०.२८ | ७२.४२ | ७५.२८ | ७८.५७ |
| २. विद्यालय छाड्ने दर | १३.६४ | १२ | १०.४८ | ८.८७ | ७.०१ | ५.५७ |
| ३. कक्षा दोहोर्याउने दर | २७.७० | २४.५८ | २२.०८ | १९.७५ | १७.४४ | १५.५७ |
| ४. विद्यार्थीहरुको औसत उपस्थिति (दिनमा) | १७१.५ | १७५ | १७८.३३ | १८२.८३ | १८६.५ | १८९.३३ |
| ५. शिक्षकको औसत उपस्थिति (दिनमा) | २०४.१६ | २१२.३३ | २१४ | २१५.८३ | २१७ | २१८.३३ |
| ६. विद्यालय खुल्ने जम्मा दिन | २३४.५२ | २३७.५२ | २३८.५८ | २३९.५२ | २४०.५२ | २४१.९४ |
| ७. पठनपाठन हुने जम्मा दिन | १९८.४७ | २००.०३ | २०२.१७ | २०३.२९ | २०४.२९ | २०६.२९ |

कक्षा १ देखि ३ सम्मको विषयगत र तहगत औसत GPA

तालिका नं. ५

| क्र सं | विषयहरु | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १ | नेपाली | २.९७ | ३.०८ | ३.१३ | ३.३३ | ३.४७ | ३.४८ |
| २ | अंग्रेजी | २.५७ | २.८५ | ३.०७ | ३.१९ | ३.३३ | ३.३५ |
| ३ | गणित | २.८७ | २.९१ | ३.०८ | ३.१८ | ३.२५ | ३.४६ |
| ४ | सेरोफेरो | २.८४ | ३.०२ | ३.०६ | ३.२६ | ३.३५ | ३.५३ |
| ५ | हाम्रो इन्द्रसरोवर | २.९३ | ३.०९ | ३.१७ | ३.२४ | ३.३२ | ३.५७ |
| तहगत औसत GPA | | २.८३ | २.९९ | ३.१० | ३.२४ | ३.३४ | ३.४७ |

## कक्षा ४ र ५ को विषयगत र तहगत औसत GPA

तालिका नं. ६

| क्र सं | विषयहरु | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १ | नेपाली | २.५२ | २.९२ | ३ | ३.१६ | ३.२८ | ३.३८ |
| २ | अंग्रेजी | २.३२ | २.५६ | २.८७ | ३.०१ | ३.०६ | ३.५४ |
| ३ | गणित | २.३० | २.३९ | २.६७ | २.९३ | २.९३ | ३.२३ |
| ४ | विज्ञान | २.४५ | २.७६ | ३.०१ | ३.०३ | ३.३० | ३.४२ |
| ५ | सामाजिक | २.५४ | २.७१ | २.८७ | ३.१३ | ३.२४ | ३.३४ |
| ६ | स्वा शारीरिक शिक्षा | २.५८ | २.७६ | ३.१२ | ३.१३ | ३.२३ | ३.३४ |
| ७ | हाम्रो इन्द्रसरोवर | २.८६ | २.८९ | ३.०९ | ३.३२ | ३.३६ | ३.५२ |
| तहगत औसत GPA | | २.५१ | २.७१ | २.९४ | ३.१० | ३.२ | ३.३९ |

## कक्षा ४ देखि ८ सम्मको विषयगत र तहगत औसत GPA

तालिका नं. ७

| क्र सं | विषयहरु | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १ | नेपाली | २.२८ | २.४७ | २.५८ | २.७६ | ३.०३ | ३.२३ |
| २ | अंग्रेजी | २.२३ | २.४१ | २.५२ | २.७४ | २.९३ | ३.११ |
| ३ | गणित | १.९८ | २.१६ | २.२७ | २.४८ | २.६१ | २.८१ |
| ४ | विज्ञान | २.३८ | २.४८ | २.६६ | २.७८ | २.९८ | ३.१४ |
| ५ | सामाजिक | २.२८ | २.५० | २.६४ | २.८१ | २.९८ | ३.१२ |
| ६ | स्वा शारीरिक शिक्षा | २.३७ | २.५२ | २.७१ | २.८२ | २.९९ | ३.०८ |
| ७ | हाम्रो इन्द्रसरोवर | २.५८ | २.७७ | २.८९ | ३.०६ | ३.१९ | ३.३३ |
| तहगत औसत GPA | | २.३ | २.४७ | २.६१ | २.७७ | २.९५ | ३.११ |

### ३.२.५ लक्ष्य प्राप्तिका लागि रणनीतिहरु

१. शैक्षिक सामग्रीहरुबाट सजावटसहितको बालमैत्री कक्षाकोठाको व्यवस्थापन गर्ने

२. विभिन्न प्रकारका अपाङ्गता भएका पालिकाभित्रका विद्यार्थीको सिकाइ निरन्तरताका लागि पालिकाबाट विशेष विद्यालयमा आवश्यक पहल गर्ने

३. विज्ञान/कम्प्युटरको प्रारम्भिक प्रयोगशालाको स्थापना र नियमित प्रयोग गर्ने

४. सिकाइका दृष्टिले कमजोर विद्यार्थीहरुका लागि थप सहयोग र सिकाइका लागि प्रोत्साहन गर्ने

५. विद्यालय र समुदायबिच सम्बन्ध प्रगाढ बनाउने

६. विद्यालयका कार्यकलापहरुमा अभिभावकहरुको सहभागितामा वृद्धि गर्ने

७. शैक्षिक वर्षको सुरुमा भर्ना भएकामध्ये चैत मसान्तसम्म ८० प्रतिशत विद्यार्थीहरु टिकाउन सफल प्रत्येक आधारभूत विद्यालयका लागि नगद पुरस्कार र प्रमाणपत्रको व्यवस्था गर्ने

८. शिक्षाका सरोकारवालाहरुबिच समन्वय, सहयोग र सहकार्य वृद्धि गर्ने

९. सबै शिक्षकहरुले आआफ्ना अक्षरहरु शुद्ध र राम्रा/आकर्षक बनाउने अभ्यास गर्ने

१०. कक्षा ५ सम्मका विद्यार्थीहरुलाई नेपाली र अंग्रेजी भाषामा दैनिक कम्तिमा एक अनुच्छेद हस्तलेखन अभ्यास गराउने

११. आर्थिक रुपमा विपन्न परिवारका बालबालिकाहरुका लागि स्टेशनरी, school bag र पोशाकको व्यवस्था गर्ने

१२. विद्यार्थी सङ्ख्या, उमेर र रुचिअनुसारका खेलसामग्रीहरुको व्यवस्था गर्ने

१३. विद्यार्थीहरुले विद्यालय छाड्नुपर्ने कारणको पहिचान र सिकाइलाई निरन्तरता दिन प्रोत्साहन गर्ने

१४. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गर्ने

१५. वार्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयन गर्ने

१६. सबै विषयको वार्षिक शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन गर्ने

१७. विद्यार्थीहरुसमेतको सहभागितामा शैक्षिक सामग्री निर्माण कार्यशालाको सञ्चालन गर्ने

१८. शिक्षणसिकाइ कार्यकलापमा विद्यार्थीहरुको सहभागिता वृद्धि गर्ने

१९. विद्यार्थीकेन्द्रित र परियोजनामा आधारित शिक्षण विधिहरुको प्रयोग गर्ने

२०. मनोरञ्जनपूर्ण र भयरहित वातावरणमा सिकाइ सहजीकरण गर्ने

२१. विद्यार्थीहरुबिच सहकार्यमूलक सिकाइका लागि प्रोत्साहन र सहजीकरण गर्ने

२२. मासिक र एकाइ परीक्षाको सञ्चालन गरी पृष्ठपोषण प्रदान गर्ने

२३. शिक्षणसिकाइ कार्यकलापमा शैक्षिक सामग्रीहरु अनिवार्य रुपमा प्रयोग गर्ने

२४. साप्ताहिक रुपमा विषयगत सह कार्यकलापको सञ्चालन गर्ने

२५. मासिक रुपमा स्टाफ बैठकको सञ्चालन र पृष्ठपोषण आदानप्रदान गर्ने

२६. शिक्षणसिकाइ कार्यकलापमा सूचना प्रविधिको प्रयोग गर्ने

२७. नियमित रुपमा गृहकार्य दिएर चेकजाँच गरी पृष्ठपोषण प्रदान गर्ने

२८. पालिका, शिक्षा विकास तथा समन्वय एकाइ र शिक्षा तालिम केन्द्रले सञ्चालन गरेका तालिमहरुमा शिक्षकहरुको सक्रिय सहभागिता गराउने

२९. तालिममा सिकेका ज्ञान र सिपहरुको शिक्षणसिकाइ कार्यकलापमा अनिवार्य उपयोग गर्ने

३०. तहगत र विद्यालयगत रुपमा अतिरिक्त कार्यकलापको सञ्चालन गर्ने

३१. विद्यालयमा हरियाली प्रवर्धन गर्ने

३२. कक्षा ३ सम्म कक्षा शिक्षणलाई प्राथमिकता दिने

३३. कक्षा १ देखि ३ सम्म शिक्षण गर्ने शिक्षकहरुलाई एकीकृत पाठ्यक्रमको कार्यान्वयनसम्बन्धी तालिम सञ्चालन गर्ने

३४. प्रधानाध्यापकको नेतृत्वमा शैक्षिक वर्षको आरम्भमा विद्यालयमा आधारित तालिमको सञ्चालन गर्ने

३५. विद्यालयहरुको आवश्यकताका आधारमा विषय शिक्षण, कक्षा शिक्षण, बहुकक्षा/बहुस्तर शिक्षणको प्रवन्ध गर्ने

३६. शिक्षा शाखा, प्रधानाध्यापक र असल अभ्यास भएका बरिष्ठ शिक्षकहरुबाट नियमित कक्षा सुपरिवेक्षण र पृष्ठपोषण आदानप्रदान गर्ने

३७. सहकर्मीहरुबिच नियमित कक्षा अवलोकन र पृष्ठपोषण आदानप्रदान गर्ने

३८. शिक्षकहरुको अनुभवमा आधारित अन्य रचनात्मक कार्यकलापको सञ्चालन गर्ने

३९. परीक्षा नतिजाको विश्लेषण र शिक्षण सुधारका उपायहरुको पहिचान र कार्यान्वयन गर्ने

४०. कक्षाकोठा र विद्यालय परिसरको नियमित सरसफाइका लागि विद्यार्थी परिचालन गर्ने

४१. त्रैमासिक रुपमा भित्ते पत्रिकाको प्रकाशन गर्ने

४२. भित्ते पत्रिकाको प्रकाशनका लागि सूचना पाटीको व्यवस्था गर्ने

४३. स्थानीय सामग्रीको प्रयोग गरेर dustbin निर्माण गरी सबै कक्षाकोठामा प्रयोग गर्ने

४४. नियमित रुपमा सञ्चालन हुने स्टाफ बैठकबाट पहिचान गरिएका उपायहरुको कार्यान्वयन गर्ने

४५. विद्यालयलाई विविध किसिमको सहयोग गरेका व्यक्ति तथा संस्थालाई विद्यालयको प्रार्थना सभामा उहाँको योगदानको चर्चा गरी माला लगाएर/कदर पत्र दिएर सम्मान गर्ने

### ३.२.६ अपेक्षित उपलब्धि

१. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।

### ३.२.७ नतिजाहरु

१. विद्यालयहरुको न्युनतम भौतिक पूर्वाधारको व्यवस्था भइसकेको हुनेछ।

२. शिक्षक र प्रधानाध्यापकको क्षमता वृद्धि भएको हुनेछ।

३. विद्यालयहरुमा जङ्कफुडको  प्रयोग निषेध भएर विद्यार्थीहरुले सुविधायुक्त भान्सा कोठामा स्वास्थ्यकर खाजा खान पाएका हुनेछन्।

४. विद्यालयमा भर्ना भएका विद्यार्थीहरुको अपेक्षित सिकाइउपलब्धि हासिल भएको हुनेछ।

५. आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान भइसकेको हुनेछ।

६. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रम सहज रुपमा कार्यान्वयन भएको हुनेछ।

७. सरोकारवालाहरुको ध्यान आधारभूत तहको शिक्षाको विकासका लागि बढेको हुनेछ।

### ३.२.८ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु

१. विज्ञ समुह गठन तथा आवश्यकता अनुसार शिक्षकहरूका लागी मेन्टरीङ तथा कोचिङ व्यवस्थापन

२. अपाङ्गता भएका विद्यार्थीका लागि शिक्षाको पालिकाबाट विशेष व्यवस्था

३. विषयगत प्रयोगशालाको स्थापना र प्रयोग

४. आर्थिक रुपमा विपन्न परिवारका बालबालिकाहरुका लागि स्टेशनरी, school bag र पोशाकको व्यवस्था

५. कक्षा १ देखि ३ सम्मका कक्षाकोठालाई छापामय बनाउने तथा बुक कर्नरको व्यवस्थापन गर्ने

६. विद्यार्थी सङ्ख्या, उमेर र रुचिअनुसारका खेलसामग्रीहरुको व्यवस्था

७. त्रैमासिक रुपमा भित्ते पत्रिकाको प्रकाशन

८. निरन्तर मुल्याङ्कन प्रणालीको कार्यान्वयनमम

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

कक्षा ९ देखि १२ सम्मको माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै भाषा, संस्कृति, विज्ञान प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरु आर्जन गरेका सक्षम जनशक्तिको उत्पादन, नागरिक विकास र उच्च शिक्षाको आधार तयार गर्छ । माध्यमिक विद्यालयहरु साधारण र प्राविधिक धारमा सञ्चालित हुँदैआएका छन् । प्राविधिक धारतर्फका माध्यमिक विद्यालयहरुमा वनस्पति विज्ञान, पशु विज्ञान, कम्प्युटर, सिभिल,  इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषयक्षेत्रलाई समेटिएको छ।

### ३.३.२ वर्तमान अवस्था

इन्द्रसरोवर गाउँपालिकामा जम्मा ६ ओटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । ६ ओटा माध्यमिक विद्यालयमध्ये ३ ओटा विद्यालयमा प्रारम्भिक बाल कक्षादेखि कक्षा १० सम्मको र बाँकी ३ ओटा माध्यमिक विद्यालयहरुमा प्रारम्भिक बाल कक्षादेखि कक्षा १२ सम्मको पठनपाठन भइरहेको छ। कक्षा १२ सम्मको पठनपाठन भइरहेका माध्यमिक विद्यालयमध्ये एउटा विद्यालयमा प्राविधिक धारतर्फको सिभिल इञ्जिनियरिङ् विषयको पठनपाठन भइरहेको छ । एउटा माध्यमिक विद्यालयमा कृषिसम्बन्धी पठनपाठन हुन्छ । सिभिल इन्जिनियरिङ्को पठनपाठन भइरहेको माध्यमिक विद्यालय यस शैक्षिक वर्ष वि. सं. २०८१ देखि ANFA Academy का रुपमा पनि स्थापित भएको छ। कक्षा १२ सम्मको पठनपाठन भइरहेको एउटा विद्यालयमा भने साधारण धारतर्फको पठनपाठन हुने गरेको छ।

यी माध्यमिक विद्यालयहरुमा शैक्षिक वर्ष २०८१ मा कक्षा ९ र १० मा २०३ जना र कक्षा ११ र १२ मा १२० जना विद्यार्थीहरु अध्ययन गरिरहेका छन् । कक्षा ९ देखि १२ सम्म जम्मा ४५ जना शिक्षकहरु कार्यरत रहनुभएको छ। कक्षा ९ र १० मा भर्ना भएकामध्ये ८२.७४ प्रतिशत विद्यार्थीहरु विद्यालयमा नियमित उपस्थित भएको पाइन्छ।

### ३.३.३ उद्देश्य

१. माध्यमिक शिक्षाको समतामूलक पहुँच र सहभागिताको सुनिश्चितता गर्नु

२. शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

३. विद्यार्थीमैत्री सिकाइमैत्री समावेशी र सुरक्षित शैक्षिक वातावरण निर्माण गर्नु

### ३.३.४ कक्षा ९ र १० का केही सूचकहरुको वर्तमान अवस्था र आगामी ५ वर्षका लागि लक्ष्य

तालिका नं. ८

| सूचकहरु | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १. माथिल्लो कक्षामा जाने दर | ९४.१६ | ९४.५ | ९५ | ९५.१६ | ९५.६६ | ९६ |
| २. विद्यालय छाड्ने दर | ७.०२ | ५.६३ | ५.०३ | ४.३ | ३.३३ | २.८३ |
| ३. कक्षा दोहोर्याउने दर | ५.७५ | ५.४२ | ४.८३ | ४.३३ | ३.८३ | ३.३३ |
| ४. विद्यार्थीहरुको औसत उपस्थिति (दिनमा) | १७३ | १७६.६ | १८० | १८४ | १८८ | १९१ |
| ५. शिक्षकको औसत उपस्थिति (दिनमा) | २००.८ | २१०.४ | २१२.८ | २१४.४ | २१५.८ | २१७.४ |
| ६. विद्यालय खुल्ने जम्मा दिन | २३४.५२ | २३७.५२ | २३८.५८ | २३९.५२ | २४०.५२ | २४१.९४ |
| ७. पठनपाठन हुने जम्मा दिन | १९८.४७ | २००.०३ | २०२.१७ | २०३.२९ | २०४.२९ | २०६.२९ |

## कक्षा ९ र १० को विषयगत र तहगत औसत GPA

तालिका नं. ९

| क्र सं | विषयहरु | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
| १ | नेपाली | २.४३ | २.५३ | २.७० | २.८३ | ३.०१ | ३.०८ |
| २ | अंग्रेजी | २.४४ | २.४७ | २.६९ | २.७८ | २.९३ | ३.०८ |
| ३ | गणित | २.०५ | २.१७ | २.३५ | २.४६ | २.७६ | २.७६ |
| ४ | विज्ञान | २.३३ | २.४५ | २.६३ | २.७३ | २.८८ | ३.०२ |
| ५ | सामाजिक | २.७१ | २.८३ | ३.०१ | ३.०८ | ३.१४ | ३.२८ |
| तहगत औसत GPA | | २.३९ | २.४९ | २.६७ | २.७७ | २.९४ | ३.०४ |

### ३.३.५ रणनीतिहरु

१. शैक्षिक सामग्रीहरुबाट सजावटसहितको विद्यार्थीमैत्री कक्षाकोठाको व्यवस्थापन गर्ने

२. विभिन्न प्रकारका अपाङ्गता भएका पालिकाभित्रका विद्यार्थीको सिकाइ निरन्तरताका लागि पालिकाले विशेष विद्यालयमा आवश्यक पहल गर्ने

३. विज्ञान/कम्प्युटरको प्रारम्भिक प्रयोगशालाको स्थापना र नियमित प्रयोग गर्ने

४. सिकाइका दृष्टिले कमजोर विद्यार्थीहरुका लागि थप सहयोग र सिकाइका लागि प्रोत्साहन गर्ने

५. विद्यालय र समुदायबिच सम्बन्ध अझ प्रगाढ बनाउने

६. शैक्षिक वर्षको सुरुमा भर्ना भएकामध्ये चैत मसान्तसम्म ८० प्रतिशत विद्यार्थीहरु टिकाउन सफल माध्यमिक विद्यालयका लागि नगद पुरस्कार र प्रमाणपत्रको व्यवस्था गर्ने

७. विद्यालयका कार्यकलापहरुमा अभिभावकहरुको सहभागितामा वृद्धि गर्ने

८. शिक्षाका सरोकारवालाहरुबिच समन्वय, सहयोग र सहकार्य बढाउने

९. सबै शिक्षकहरुले आआफ्ना अक्षरहरु शुद्ध र राम्रा/आकर्षक बनाउने अभ्यास

१०. आर्थिक रुपमा विपन्न परिवारका बालबालिकाहरुका लागि स्टेशनरी, school bag र पोशाकको व्यवस्था गर्ने

११. विद्यार्थी सङ्ख्या , उमेर र रुचिअनुसारका खेलसामग्रीहरुको व्यवस्था गर्ने

१२. विद्यार्थीहरुले विद्यालय छाड्नुपर्ने कारणको पहिचान र सिकाइलाई निरन्तरता दिन प्रोत्साहन गर्ने

१३. वार्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयन गर्ने

१४. सबै विषयको वार्षिक शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन गर्ने

१५. विद्यार्थीहरुसमेतको सहभागितामा शैक्षिक सामग्री निर्माण कार्यशालाको सञ्चालन गर्ने

१६. शिक्षणसिकाइ कार्यकलापमा विद्यार्थीहरुको सहभागिता वृद्धि गर्ने

१७. विद्यार्थीकेन्द्रत र परियोजनामा आधारित शिक्षण विधिहरुको प्रयोग गर्ने

१८. मनोरञ्जनपूर्ण र भयरहित वातावरणमा सिकाइ सहजीकरण गर्ने

१९. विद्यार्थीहरुबिच सहकार्यमूलक सिकाइका लागि प्रोत्साहन र सहजीकरण गर्ने

२०. मासिक र एकाइ परीक्षाको सञ्चालन गरी पृष्ठपोषण प्रदान गर्ने

२१. शिक्षणसिकाइ कार्यकलापमा शैक्षिक सामग्रीहरु अनिवार्य रुपमा प्रयोग गर्ने

२२. साप्ताहिक रुपमा विषयगत सह कार्यकलापको सञ्चालन गर्ने

२३. मासिक रुपमा स्टाफ बैठकको सञ्चालन र पृष्ठपोषण आदानप्रदान गर्ने

२४. शिक्षणसिकाइ कार्यकलापमा सूचना प्रविधिको प्रयोग गर्ने

२५. नियमित रुपमा गृहकार्य दिएर चेकजाँच गरी पृष्ठपोषण प्रदान गर्ने

२६. पालिका, शिक्षा विकास तथा समन्वय एकाइ र शिक्षा तालिम केन्द्रले सञ्चालन गरेका तालिमहरुमा शिक्षकहरुको सक्रिय सहभागिता गराउने

२७. तालिममा सिकेका ज्ञान र सिपहरुको शिक्षणसिकाइ कार्यकलापमा अनिवार्य उपयोग गर्ने

२८. तहगत र विद्यालयगत रुपमा अतिरिक्त कार्यकलापको सञ्चालन गर्ने

२९. शैक्षिक वर्षको आरम्भमा प्रधानाध्यापकको नेतृत्वमा विद्यालयमा आधारित तालिमको सञ्चालन गर्ने

३०. शिक्षा शाखा, प्रधानाध्यापक र असल अभ्यास भएका बरिष्ठ शिक्षकहरुबाट नियमित कक्षा सुपरिवेक्षण र पृष्ठपोषण आदानप्रदान गर्ने

३१. सहकर्मीहरुबिच नियमित कक्षा अवलोकन र पृष्ठपोषण आदानप्रदान गर्ने

३२. शिक्षकहरुको अनुभवमा आधारित अन्य रचनात्मक कार्यकलापको सञ्चालन गर्ने

३३. परीक्षा नतिजाको विश्लेषण र शिक्षण सुधारका उपायहरुको पहिचान र कार्यान्वयन गर्ने

३४. कक्षाकोठा र विद्यालय परिसरको नियमित सरसफाइका लागि विद्यार्थी परिचालन गर्ने

३५. नियमित रुपमा सञ्चालन हुने स्टाफ बैठकबाट पहिचान गरिएका उपायहरुको कार्यान्वयन गर्ने

३६. विद्यालयलाई विविध किसिमको सहयोग गरेका व्यक्ति तथा संस्थालाई विद्यालयको प्रार्थना सभामा उहाँको योगदानको चर्चा गरी माला लगाएर/कदर पत्र दिएर सम्मान गर्ने

३७. विद्यालयमा आउने अभिभावकहरुको अभिलेखीकरण र उहाँहरुले दिएका सुझावहरुको कार्यान्वयन गर्ने

३८. हरियाली प्रर्वर्धनका लागि रोप्ने स्थानको पहिचान गरी विरुवा रोप्न र संरक्षण सम्वर्धन गर्न शिक्षक र विद्यार्थीको सहभागिता वृद्धि गर्ने

३९. स्थानीय सामग्रीको प्रयोग गरेर dustbin निर्माण गरी सबै कक्षाकोठामा प्रयोग गर्ने

४०. शिक्षणसिकाइको प्रभावकारिता वृद्धिका लागि शिक्षक/विद्यार्थी निर्मित विनामूल्य र कम मूल्यका सामग्रीहरुको प्रयोग, भण्डारण र पुनप्रयोग गर्ने

४१. दिगो सिकाइका लागि शिक्षणसिकाइ कार्यकलापमा विद्यार्थीहरुको सहभागिता बढाउने

४२. विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी र अभिभावकका लागि आचारसंहिताको निर्माण र कार्यान्वयन गर्ने

४३. फुटबल खेलको प्रवर्धन र विकासका लागि ANFA Academy सँग समन्वय र सहकार्य गर्ने

४४. पुस्तकालयमा नयाँ सन्दर्भ सामग्रीको व्यवस्था गरी विद्यार्थीहरुमा पठन संस्कृतिको विकासमा कक्षा शिक्षकको नेतृत्वदायी भूमिका बढाउने

४५. पढ्दै कमाउँदै कार्यक्रमको प्रभावकारिताका लागि पालिकाले माध्यमिक विद्यालयका प्रधानाध्यापकहरुको बैठक बोलाई उपयुक्त उपायहरुको पहिचान र कार्यान्वयन गर्ने गराउने

४६. जमिन भएका माध्यमिक विद्यालयमा फलफूल र तरकारीका विरुवा रोपेर पढ्दै कमाउँदै कार्यक्रमको प्रवर्धन गर्ने

४७. जग्गा नभएका विद्यालयले नजिकको जग्गा लिजमा लिएर फलफूल र तरकारीका विरुवा रोपी आयआर्जनको स्रोत प्रवर्धन गर्ने

४८. विद्यार्थी र अभिभावक परामर्श सेवा सञ्चालन गर्ने

### ३.३.६ अपेक्षित उपलब्धिहरु

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु

२. गुणस्तरमा सुधार ल्याउनु

### ३.३.७ नतिजाहरु

१. निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ।

२. भर्ना र टिकाउ दर बढेको हुनेछ।

३. कक्षा ९ र १० को सिकाइ उपलब्धि ३.०४ औसत GPA पुगेको हुनेछ।

४. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेका हुनेछन्।

५. भर्ना सहभागिता, सिकाइउपलब्धि, लैंगिक, भौगोलिक, सामाजिक तथा आर्थिक क्षमता सूचकमा सुधार भएको हुनेछ।

६. सूचना प्रविधिको प्रयोग सिपका कारण विद्यार्थीहरुको सिकाइउपलब्धि अपेक्षा गरेअनुसार बढेको हुनेछ।

७. माध्यमिक शिक्षामा सुशासन कायम भई गुणस्तरीय शिक्षाको प्रवाह भएको हुनेछ।

### ३.३.८ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु

१. विभिन्न प्रकारका अपाङ्गता भएका पालिकाभित्रका विद्यार्थीको सिकाइ निरन्तरताका लागि पालिकाले विशेष विद्यालयमा आवश्यक पहल

२. विज्ञान/कम्प्युटरको प्रारम्भिक प्रयोगशालाको स्थापना र नियमित प्रयोग

३. आर्थिक रुपमा विपन्न परिवारका बालबालिकाहरुका लागि स्टेशनरी, school bag र पोशाकको व्यवस्था

४. विद्यार्थी सङ्ख्या , उमेर र रुचिअनुसारका खेलसामग्रीहरुको व्यवस्था

५. विद्यार्थीहरुसमेतको सहभागितामा शैक्षिक सामग्री निर्माण कार्यशालाको सञ्चालन

६. पुस्तकालयमा नयाँ सन्दर्भ सामग्रीको व्यवस्था

७. जग्गा नभएका विद्यालयले नजिकको जग्गा लिजमा लिएर फलफूल र तरकारीका विरुवा रोपेर पढ्दै कमाउँदै कार्यक्रमको प्रवर्धन

८. शिक्षक, विद्यार्थी र अभिभावकका लेखरचना सङ्कलन गरी वार्षिक प्रकाशन

## ३.४ पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१ परिचय

पाठ्यक्रम शिक्षा पद्धतिको महत्वपूर्ण मार्गदर्शक हो । यसैको निर्देशनमा ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने गरी शिक्षणसिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनुपर्छ । यसबाट शिक्षार्थीमा विश्वपरिवेशअनुरुप समायोजन हुन, सक्रिय र सुसूचित नागरिक जीवन व्यतित गर्न, रोजगारी प्राप्त गर्न, पेशा व्यवसायको छनोट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग पुग्छ । पाठ्यक्रम निश्चित मूल्यमान्यतामा विकास गरिएकाले यसलाई आत्मसात गर्न, पहिचानप्रति गौरव गर्न, विभेदरहित समतामूलक र समावेशी दृष्टिकोण अनुरुप व्यवहार गर्न, आफ्नो र अरुको अधिकारप्रति सचेत रहन, सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्न र निर्णय गर्न सहयोग गर्नु पर्छ ।

### ३.४.२ वर्तमान अवस्था

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयनका क्रममा विद्यालय तहका लागि नयाँ पाठ्यक्रम २०७७ को कार्यान्वयन सुरु भएको हो । २०८० सम्ममा कक्षा १ देखि कक्षा १२ सम्म नै यो पाठ्यक्रम लागू भइसक्ने प्रबन्ध गरिएको थियो । पाठ्यक्रमलाई समयसान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १ देखि ३ सम्मका लागि बहु विषय समावेश गरी एकीकृत पाठ्यक्रम तयार भई कार्यान्वयनमा आइसकेको छ । व्यवहार कुशल र जीवन उपयोगी सिप समावेश गरी क्रियाकलाप निर्धारण गर्ने र आधारभूत तहमा स्थानीय कला संस्कृति भाषा इतिहास, परम्परा, सिप र ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउनसक्ने व्यवस्था गरिएको छ । यस व्यवस्थाअनुसार इन्द्रसरोवर गाउँपालिकामा विविध स्थानीय विषयवस्तुहरु समेटेर हाम्रो इन्द्रसरोवर नामक स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा आएको छ । प्रत्येक विषयमा २५ देखि ५० प्रतिशत अङ्क परियोजनामा आधारित प्रयोगात्मक र सामुदायिक कार्यका लागि राखिएको छ । सिकाइ सहज हुने किसिमले माध्यम भाषाको प्रयोग, सूचना र सञ्चार प्रविधिको उपयोगमा जोड, जीवन उपयोगी तथा व्यवहार कुशल सिपका रुपमा एकीकृत गर्ने, विद्यार्थी मूल्याङ्कनलाई शिक्षणसिकाइको अभिन्न अङ्ग बनाउने प्रावधान रहेको छ । विद्यालय तहको शिक्षा पूरा गरेपछि पेशा, व्यवसाय तथा रोजगारीमा जान सहज हुने र उच्च शिक्षा प्रवेशका लागि तयारी गराउने गरी अनिवार्य र विभिन्न ऐच्छिक विषयको व्यवस्थाका साथै प्राविधिक धारतर्फ जान पाउने समेत व्यवस्था छ ।

### ३.४.३ उद्देश्य

१. पाठ्यक्रममा आधारित भई विद्यार्थीमा ज्ञान, सिप र व्यवहार विकासमा सघाउनु

२. निरन्तर, आवधिक र स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु

३. स्थानीय स्तरमा पाठ्यक्रम र पाठ्य सामग्री निर्माण/परिमार्जन र कार्यान्वयन गर्नु

### ३.४.४ रणनीतिहरु

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को भावना र मर्मका आधारमा स्थानीय पाठ्यक्रमको परिमार्जन गर्ने

२. पाठ्यक्रम र पाठ्य सामग्रीका बारेमा शिक्षकहरुमा प्रवोधीकरण गर्ने

३. शिक्षकहरुको पेशागत क्षमता वृद्धि गर्ने

४. बिपतका समयमा पनि शिक्षणसिकाइको निरन्तरताको प्रबन्ध गर्ने

५. सिकाइ सामग्रीको सहज उपलब्धता सुनिश्चित गर्ने

६. आवश्यकताअनुसारको भाषा शिक्षणसिकाइको माध्यमका रुपमा प्रयोग गर्ने

७. शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग विस्तार गर्ने

८. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गर्न

९. निरन्तर मूल्याङ्कन प्रणालीलाई शिक्षणसिकाइको अभिन्न अङ्ग बनाउने

### ३.४.५ अपेक्षित उपलब्धिहरु

१. ज्ञान सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनु

२. विभिन्न प्रकारका मूल्याङ्कन विधिको प्रयोग गर्दा विद्यार्थीहरुको सिकाइउपलब्धिमा सुधार आएको हुनु

### ३.४.६ नतिजाहरु

१. पाठ्यक्रमको सही कार्यान्वयनले सिकाइ उपलब्धिमा उल्लेख्य सुधार आएको हुनेछ।

२. निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रणालीको प्रयोग भएको हुनेछ।

### ३.४.७ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु

१. नव प्रवेशी शिक्षकहरुलाई स्थानीय पाठ्यक्रमसम्बन्धी प्रबोधीकरण

२. स्थानीय पाठ्यक्रमको निर्माण छपाई र वितरण

३. परिमार्जन भई आएका पाठ्यक्रम र पाठ्यपुस्तकको कार्यान्वयनका लागि प्रवोधीकरण

४. निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक र प्रधानाध्यापकको क्षमता विकास

५. पाठ्यक्रमले निर्देश गरेअनुसार कक्षाकोठामा विद्यार्थीहरुको मूल्याङ्कन

६. सिकाइ सबलीकरणका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग

७. पाठ्यक्रमको अपेक्षाअनुसारको शिक्षणसिकाइका लागि शिक्षक पेशागत सहयोग

८. पाठ्यक्रमलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न शिक्षक र प्रधानाध्यापकका लागि तालिम सञ्चालन

९. पाठ्यकमका आधारमा आवधिक परीक्षाका लागि प्रश्नहरु निर्माण कार्यशाला सञ्चालन

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

शिक्षकहरु परिवर्तनका बाहक भएकाले सभ्य, सुसंस्कृत, समृद्ध एवं शिक्षित समाजको विकास शिक्षकको भूमिकामा निर्भर गर्छ । बालबालिकाको सर्बाङ्गीण विकास मार्फत राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पुँजीको विकासमा शिक्षकको नै महत्वपूर्ण भूमिका रहन्छ। गुणस्तरीय शिक्षकबाट गुणस्तरीय शिक्षा प्राप्तिका लागि सहजीकरण हुने भएकाले शिक्षक योग्य, सक्षम, व्यवसायिक दक्षता भएको पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुनुपर्दछ। स्वीकृत दरबन्दीमा शिक्षक भर्ना, छनोट, परीक्षण र नियुक्तिका लागि सिफारिस गर्ने काम शिक्षक सेवा आयोगले गर्दैआएको छ। शिक्षकहरुको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्दैआएको छ।

### ३.५.२ वर्तमान अवस्था

विद्यालयमा शिक्षक दरबन्दी खाली भएका अवस्थामा पदपूर्तिका लागि सार्वजनिक रुपमा विज्ञापन गरेर पदपूर्ति गर्ने गरिएको छ। शिक्षक छनोटका क्रममा लिखित परीक्षा र अन्तर्वार्ताका साथै आवश्यकताका आधारमा प्रयोगात्मक परीक्षा पनि सञ्चालन गर्ने गरिएको छ। खाली भएको स्वीकृत दरबन्दीमा स्थायी शिक्षकद्वारा पदपूर्ती गर्नका लागि शिक्षक सेवा आयोगबाट विज्ञापन भई विद्यालयमा नियुक्तिका लागि सिफारिस भई आउने गरेको छ।

### ३.५.३ उद्देश्य

१. विषयगत र कक्षागत शिक्षकको व्यवस्था गर्नु

२. शिक्षकको निरन्तर पेशागत विकासका अवसरहरुको सुनिश्चितता गर्नु

३. दरबन्दी मिलान कार्यलाई वैज्ञानिक एवं सहज बनाउनु

४. आवश्यकताअनुसार सेवाकालीन र पुनर्ताजगी तालिमका माध्यमले शिक्षकहरुलाई क्षमतावान् बनाउनु

### ३.५.४ रणनीतिहरु

१. सबै शिक्षकहरुले अब मेरो परिवार, मेरो समुदाय, मेरो विद्यालय र मेरो स्थानीय सरकारले मबाट सिर्जनात्मक भूमिका खोजेको छ भन्ने जिम्मेवारी बोध गर्ने

२. समावेशी शिक्षक प्रविधिलाई प्रवर्धन गर्न सिकाइका ढाँचा सम्बन्धी तालिम संचालन गर्ने

३. विद्यार्थी संख्या र विषयगत आधारमा दरवन्दी मिलान

४. विद्यालयमा कार्यरत शिक्षकमध्येबाट एकजना खेलकूद र एकजना सङ्गित शिक्षकका रुपमा जिम्मेवारी प्रदान गर्ने

५. खेलकूद र सङ्गित शिक्षकका लागि क्षमता विकास तालिम सञ्चालन गर्ने

६. नेतृत्व क्षमता भएका शिक्षकबाट पाँचवर्षे कार्ययोजनाका आधारमा प्रधानाध्यापक नियुक्ति गर्ने

७. प्रधानाध्यापकको नेतृत्व र व्यवस्थापकीय क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने

८. शिक्षकहरुको क्षमता विकासका लागि तालिम, सेमिनार ,गोष्ठी र शैक्षिक भ्रमण इत्यादिजस्ता कार्यकलापहरु सञ्चालन गर्ने

९. कक्षा १ देखि ३ सम्म शिक्षण गरिरहेका शिक्षकका लागि एकीकृत पाठ्यक्रम कार्यान्वयन तालिम सञ्चालन गर्ने

१०. शिक्षक, विद्यार्थी र अभिभावकका रचनाहरु समावेश गरी कम्तिमा माध्यमिक विद्यालयको वार्षिक प्रकाशन गर्ने

११. शिक्षकहरुको क्षमता विकाससँग सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्ने

१२. विद्यालय कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने

१३. १५ दिनभन्दा बढी समयका लागि विदामा बसेका शिक्षकको सट्टा शिक्षकको व्यवस्थापन गर्ने

१४. शिक्षक र पालिकाको साझेदारीमा One Laptop Per Teacher (OLPT) को व्यवस्था कार्यान्वयन गर्ने

१५. विद्यार्थी सङ्ख्या  कम भएका आधारभूत तहको कक्षा ५ सम्म शिक्षण गरिरहेका शिक्षकहरुका लागि बहुकक्षा र बहुस्तरको शिक्षण बारे क्षमता विकास तालिम सञ्चालन गर्ने

१६. शैक्षिक वर्षको अन्त्यमा विदा बाँकी रहेका शिक्षकहरुलाई प्रोत्साहनको व्यवस्था गर्ने

१७. शिक्षक र प्रधानाध्यापकका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोग बारे क्षमता विकास तालिम सञ्चालन गर्ने

१८. आधारभूत तहमा नियुक्ति लिई माध्यमिक तहमा शिक्षण गरेका शिक्षकलाई थप सुविधाको व्यवस्था गर्ने

१९. विद्यार्थीहरुको उपलब्धिस्तर राम्रो बनाएका र सिर्जनात्मक क्षमता देखाएका शिक्षकलाई मापदण्डका आधारमा प्रोत्साहत र पुरस्कारको व्यवस्था गर्ने

२०. विद्यालयमा प्रधानाध्यापकको भूमिकालाई अझ सशक्त बनाउन र यस पदलाई मर्यादित र आकर्षक बनाउन थप सेवासुविधाको व्यवस्था गर्ने

२१. नव प्रवेशी शिक्षकहरुका लागि सेवा प्रवेश तालिम सञ्चालन गर्ने

२२. शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी र गाउँ शिक्षा समितिका पदाधिकारीका लागि खर्चको साझेदारीमा असल अभ्यास भएका विद्यालयहरुको शैक्षिक अवलोकन भ्रमणको आयोजना गर्ने

२३. माध्यमिक तह र आधारभूत तह (कक्षा ६ देखि ८ का) शिक्षकहरुलाई विषयगत तालिम सञ्चालन गर्ने

२४. विभिन्न शैक्षिक क्षेत्रमा गरिंदै आएका असल अभ्यासहरुलाई सम्मिलन गर्दै नयाँ उपयोगी अभ्यासको थालनी गर्ने

२५. सेवाबाट निवृत्त हुन चाहने शिक्षकका लागि Golden hand cheque को कार्यक्रम ल्याउने

### ३.५.५ अपेक्षित उपलब्धिहरु

१. विद्यालयहरुले आवश्यकताअनुसारको कक्षागत र विषयगत शिक्षक प्राप्त गरेको अवस्था हुनेछ।

२. शिक्षकहरुलाई आवश्यक तालिम उपलब्ध गराइसकिएको हुनेछ।

३. विद्यार्थीहरुको सिकाइउपलब्धिमा सुधार आएको हुनेछ।

### ३.५.६ नतिजाहरु

१. शिक्षकहरुले पेशागत दक्षता विकासको अवसर पाइसकेका हुनेछन्।

२. शिक्षकहरुको वृत्ति विकासमा सहयोग पुगेको अवस्था हुनेछ।

३. विद्यालयमा दरबन्दी मिलान भई शिक्षकहरुको पुनर्वितरण भइसकेको हुनेछ।

४. शिक्षणसिकाइ कार्यकलापमा सुधार आइसकेको हुनेछ।

### ३.५.७ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु

१. सबै शिक्षकहरुबाट सकारात्मक सोचका साथ आत्म व्यवस्थापन (Self management)

४. कार्यरत शिक्षकमध्येबाट संगित र खेल शिक्षकको कार्य जिम्मेवारी प्रदान

५. खेल र संगित शिक्षकको क्षमता विकासका लागि तालिम सञ्चालन

६. नेतृत्व क्षमता भएका शिक्षकमध्येबाट प्रधानाध्यापकमा नियुक्ति

७. प्रधानाध्यापकको नेतृत्व र व्यवस्थापकीय क्षमता विकासका लागि तालिम

८. शिक्षकहरुको क्षमता विकासका लागि तालिम, सेमिनार ,गोष्ठी र शैक्षिक भ्रमण इत्यादि सञ्चालन
९. कक्षा १ देखि ३ सम्म शिक्षण गरिरहेका शिक्षकका लागि एकीकृत पाठ्यक्रम कार्यान्वयन तालिम सञ्चालन
१०. विद्यालयको वार्षिक प्रकाशन
११. शिक्षकहरुको क्षमता विकाससँग सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य
१२. विद्यालय कर्मचारीको क्षमता विकास कार्यक्रम
१३. विदामा बसेका शिक्षकको सट्टा शिक्षकको व्यवस्थापन
१४. शिक्षक र पालिकाको साझेदारीमा One Laptop Per Teacher (OLPT) को व्यवस्था
१५. विद्यार्थी सङ्ख्या कम भएका आधारभूत तहको कक्षा ५ सम्मका शिक्षकहरुका लागि बहुकक्षा र बहुस्तरको शिक्षण बारे क्षमता विकास तालिम
१६. शैक्षिक वर्षको अन्त्यमा भैपरी र वर्व विदा बाँकी रहेका शिक्षकहरुलाई प्रोत्साहन
१७. शिक्षक र प्रधानाध्यापकका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोग बारे क्षमता विकास तालिम
१८. थप कक्षा लिएका शिक्षकहरुलाई थप सुविधाको व्यवस्था
१९. कार्यसम्पादनस्तर राम्रो भएका शिक्षकलाई मापदण्डका आधारमा प्रोत्साहत र पुरस्कारको व्यवस्था
२०. प्रधानाध्यापकलाई थप सेवासुविधाको व्यवस्था
२१. नव प्रवेशी शिक्षकहरुका लागि सेवा प्रवेश तालिम
२२. प्रधानाध्यापक र गाउँ शिक्षा समितिका पदाधिकारीका लागि शैक्षिक अवलोकन भ्रमण
२३. माध्यमिक तह र आधारभूत तह (कक्षा ६ देखि ८ का) शिक्षकहरुलाई विषयगत तालिम
२४. विभिन्न शैक्षिक क्षेत्रमा गरिंदै आएका असल अभ्यासहरुलाई सम्मिलन गर्दै नयाँ उपयोगी अभ्यासको थालनी
२५. सेवाबाट निवृत्त हुन चाहने शिक्षकका लागि Golden hand cheque को कार्यक्रम

## ३.६ अनौपचारिक शिक्षा जीवनपर्यन्त सिकाइ

### ३.६.१ परिचय

सिकाइ निरन्तर चल्ने प्रक्रिया हो । सबैले विद्यालय र कलेजमा गएर औपचारिक शिक्षा लिने अवसर नपाउन सक्छन् । यसैले गर्दा निरन्तर खुला सिकाइ र अनौपचारिक शिक्षाको आवश्यकता पर्छ । यो सिकाइबाट व्यक्तिले आवश्यकताअनुसारका विभिन्न प्रकारका ज्ञान र सिप आर्जन गर्छ । व्यक्तिका परिवेशअनुसारको सिकाइ निरन्तर भइरहेको हुन्छ । यसरी कुनै औपचारिक प्रक्रियाबिना ज्ञान सिप दक्षता क्षमता आर्जन गर्नु नै खुला शिक्षा वा अनौपचारिक शिक्षा हो ।

### ३.६.२ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कअनुसार इन्द्रसरोवर गाउँपालिकाको साक्षरता प्रतिशत ७१.४४ मात्र रहेको छ। तथ्याङ्कले यस पालिकामा अनौपचारिक शिक्षाका कार्यक्रम मार्फत साक्षरता प्रतिशत वृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ। खुला अर्थात अनौपचारिक सिकाइहरु परिवारमा, कार्यथलोमा, चाडपर्वहरुमा, परम्परागत रीतिरिवाज र सांस्कृतिक मेला प्रदर्शनी आदिबाट भइरहेको हुन्छ। कृषि, पशुपालन तथा अन्य व्यवसायका लागि चाहिने सिप र कुशलताहरु आफैंले गरेर वा अरुले गरेको हेरेर मानिसले सिकिरहेको हुन्छ। यसरी अनौपचारिक तवरले हुने सिकाइ यस इन्द्रसरोवर गाउँपालिकामा पनि भइरहेको छ। खुला सिकाइ भएकाले यो व्यवस्थित हुन सकेको छैन। यही नै खुला सिकाइको चुनौती हो। सिक्ने दायरा फराकिलो हुनु र सिकाइका लागि पर्याप्त परिवेश हुनु अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइका अवसरहरु हुन्।

### ३.६.३ उद्देश्य

१. सिकाइ अवसर फराकिलो बनाई समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइको मौका सबैका लागि सुनिश्चित गर्नु

२. सामुदायिक सिकाइ केन्द्रहरुलाई विस्तार गरी त्यस मार्फत आम मानिसहरुलाई आवश्यक पर्ने ज्ञान, सिप, क्षमता वृद्धि गरी आय आर्जनमा सहयोग पुर्याउनु

### ३.६.४ रणनीतिहरु

१. सुसुप्त रहेका सामुदायिक सिकाइ केन्द्रहरुलाई पुनर्नविकरण गर्ने

२. यस्ता केन्द्रहरुबाट विभिन्न शिक्षा सरोकारित औपचारिक, अनौपचारिक संस्था मार्फत साक्षरता र साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्ने

३. विभिन्न आधुनिक प्रभावकारी विधिहरु प्रयोग गरी सिकाइलाई रोचक आकर्षक र दिगो बनाउने

४. सिकाइलाई प्रभावकारी बनाउन आयमूलक कार्यक्रमहरु सिकाइ केन्द्रले सञ्चालन गर्ने

५. यस्ता सिकाइबाट प्रशिक्षितहरुका सिप क्षमतालाई आधिकारिक संस्थाहरुबाट प्रमाणित गराउने

६. व्यवहारिक र बारम्बार प्रयोगमा आउने शब्दहरु समावेश गरी अनौपचारिक शिक्षालाई निरन्तरता दिने

७. आमा शिक्षालाई विशेष प्राथमिकता साथ अगाडि बढाउने व्यवस्था गर्ने

८. आवश्यकताका आधारमा मातृ भाषाको माध्यमबाट साक्षरता अभिवृद्धि गर्ने

९. साक्षरता अभियानमा सक्रिय व्यक्ति तथा संस्थासँग सहकार्य गर्ने

१०. स्थानीय रेडियो र पत्रपत्रिका मार्फत साक्षरताको महत्व बोध गराउने

११. सार्वजनिक स्थानमा आम जानकारीका लागि आवश्यक सूचना प्रवाहको व्यवस्था गर्ने

### ३.६.५ अपेक्षित उपलब्धिहरु

सबै नागरिकहरुले साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसर पाई साक्षरता वृद्धि भई न्यूनतम सिपयुक्त जनशक्तिको सङ्ख्यामा वृद्धि हुने

### ३.६.६ नतिजाहरु

१. सामुदायिक सिकाइकेन्द्रहरुले जीवनपर्यन्त सिकाइका अवसरहरु दिइएको अवस्था हुनेछ।

२. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक भएको हुनेछ।

### ३.६.७ लक्ष्य प्राप्तिका लागि मुख्य कार्यकलापहरु

१. गाउँपालिकामा अझसम्म निरक्षर रहेकाहरुको तथ्याङ्क सङ्कलन

२. निश्क्रिय रहेका सामुदायिक सिकाइ केन्द्रहरुको सक्रियकरण

३. आवश्यक स्थानमा सामुदायिक सिकाइ केन्द्रहरु थप

४. सिकाइ क्रियाकलापलाई आधुनिक विधिहरु तथा सूचना प्रविधिको प्रयोगद्वारा सिकाइमैत्री बनाउने

५. यस गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्न आवश्यक परिवेश तयार गरी साक्षर पालिका घोषणा

६. व्यवहारिक र बारम्बार प्रयोगमा आउने शब्दहरु समावेश गरी प्रौढ शिक्षाको निरन्तरता

७. आमा शिक्षालाई विशेष प्राथमिकता साथ अगाडि बढाउने व्यवस्था

८. आवश्यकताका आधारमा मातृ भाषाको माध्यमबाट साक्षरता अभिवृद्धि

९. साक्षरता अभियानमा सक्रिय व्यक्ति तथा संस्थासँग सहकार्य

१०. स्थानीय रेडियो र पत्रपत्रिका मार्फत साक्षरताको महत्व बोध

११. सार्वजनिक स्थानमा आम जानकारीका लागि इलेक्ट्रिक बोर्डमा आवश्यक सूचना प्रवाहको व्यवस्था

१२. विद्यालय उमेर समुहका विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क संकलन।

# परिच्छेद ४

# अन्तर्सम्बन्धित विषय तथा क्षेत्रहरु

## ४.१. शैक्षिक समता र समावेशीकरण

### ४.१.१ परिचय

विद्यालय शिक्षाको योजनामा शिक्षालाई परिणाममुखी बनाउन भूमिका खेलिरहेका बिभिन्न अन्तर्सम्बन्धित विषय र क्षेत्रहरु हुन्छन् । यस्ता विषय र क्षेत्रहरुको पहिचान गरी त्यसको योगदान विद्यालय शिक्षामा प्रवाह गर्न अन्तर्सम्बन्धित विषयहरु (Cross cutting themes) लाई शिक्षा योजनामा समावेश गर्नु बाञ्छनीय हुन्छ । नेपालको संविधानको धारा ३१ ले बालबालिकाको शिक्षा पाउने नैसर्गिक अधिकारको संरक्षण गरेको छ । सबै वर्ग क्षेत्रका बालबालिकाको सामाजिक न्यायमा पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा अत्यन्त सान्दर्भिक छ। अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि २००६ को धारा २४ ले पनि अवसरहरुको सँगसँगै उपभोग गर्ने अधिकार बोलेको छ। त्यसैले विविधताको सम्मान, समता, समानता र समावेशिताको अभिवृद्धि गरी सबैलाई हुर्कने, बढ्ने र पढ्ने एवं प्रतिष्पर्धी बन्ने वातावरण दिनु आवश्यक छ।

### ४.१.२ वर्तमान अवस्था

इन्द्रसरोवर गाउँपालिका विभिन्न जातजाति र भाषा संस्कृति भएको पालिका हो। लैंगिक हिसावले पनि महिलाहरु शिक्षाका क्षेत्रमा तुलनात्मक रुपले पछि परेको, विविध अपाङ्गता भएका बालबालिकाहरुको सुक्ष्म ढङ्गले पहिचान गरी उपयुक्त सिकाइ वातावरण प्रदान गर्न नसकिएको, हिंडडुल गर्न नसक्ने गरी अपाङ्ता भएका बालबालिकाका लागि बैकल्पिक सिकाइ प्रबन्ध नभएको र बिस्तारै शिक्षक नियुक्तिमा भने समावेशितालाई प्राथमिकता दिन प्रारम्भ गरिएको स्थिति हो ।

### ४.१.३ उद्देश्य

१. लक्ष्यित समुहका बालबालिकाहरुको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु
२. कुनै प्रकारको बिभेद तथा दुर्व्यवहार नहुने अवस्था सिर्जना गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहजताको वातावरण बनाउनु

### ४.१.४ रणनीतिहरु

१. अपाङ्गता र लैङ्गिक मैत्री भौतिक शैक्षिक वातावरणसहितको पूर्वाधार तयार गर्ने

२. अपाङ्गताको प्रकृतिअनुरुपको सिकाइ उपचारको प्रबन्ध मिलाउने

३. छात्रवृत्ति उपलब्ध गराउँदा आर्थिक रुपले बिपन्न सुविधाविहीन परिस्थितिमा रहेका अपाङ्गता भएका बालबालिकालाई प्राथमिकता दिई सिकाइको सहज अवसर सुनिश्चित गर्ने

४. किशोरीहरुका लागि महिनावारी स्वच्छतासम्बन्धी कक्ष र सुविधाको प्रबन्ध मिलाउने

५. स्थानीय भाषा संस्कृति भूगोल इतिहास नागरिक ज्ञान तथा सिपका साथै यौनिकता र प्रजनन् स्वास्थ्यलाई समावेश गरी विभेद, दुर्व्यवहार र हेपाईविनाको वातावरणमा जीवनउपयोगी सिपसँग आबद्ध गराउने

### ४.१.५ अपेक्षित उपलब्धि

निर्धारित समूहका विद्यार्थीहरुमा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा उल्लेख्य सुधार आएको हुनेछ।

### ४.१.६ नतिजा

शारीरिक अशक्तता र सामाजिक रुपमा पीछडीएका बालबालिकाले सिक्न पाउने अवसरको सुनिश्चितता भएको हुनेछ।

### ४.१.७ प्रमुख कार्यकलापहरु

१. पालिकाभित्रका लक्ष्यित समूहका बालबालिकाको यथार्थ स्थितिको सर्वेक्षण र तथ्याङ्क सङ्कलन

२. प्राप्त तथ्याङ्कहरुको विश्लेषण र बर्गीकरण

३. बर्गीकृत वालबालिकालाई विद्यालयमा भर्ना गरी अन्य विद्यार्थीहरुसँग घुलमिलको प्रवन्ध

४. त्यस्ता विद्यार्थीहरुलाई दुर्व्यवहार नहुने र नहेपिने वातावरणमा उपयुक्त सिकाइ विधि र स्रोत साधनको प्रयोगद्वारा समता र समावेशी सिकाइ वातावरण सिर्जना

५. यस क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुलाई यस अभियानमा सामेल गरी सिक्ने अवसरलाई अझ प्रभावकारी ढङ्गले विस्तार

६. छात्रवृत्ति तथा आवासीय प्रकृतिको सिकाइ व्यवस्था गरी शिक्षा लिन अभिप्रेरणा

७. पालिकामा अपाङ्गता भएका बालबालिकाहरुको स्पष्ट तथ्याङ्क आइनसकेको साथै उनीहरु सहज रुपमा अध्ययन गर्ने वातावरण विद्यालयहरुमा नबनिसकेको हालका अवस्थामा उनीहरुको सिकाइ निरन्तरताका लागि पालिकाले विशेष विद्यालयमा अध्ययनको प्रबन्ध

## ४.२ दिवा खाजा व्यवस्थापन, विद्यार्थी स्वास्थ्य तथा पोषण

### ४.२.१ परिचय

बालबालिकाको सिकाइ उपलब्धिमा सुधार ल्याउन उनीहरुको स्वास्थ्य र पोषणको महत्वपूर्ण स्थान हुन्छ । विद्यालयमा विद्यार्थीको सङ्ख्या वृद्धि, नियमितता र टिकाउपना बढाउन पनि दिवा खाजाको महत्वपूर्ण भूमिका हुन्छ । सरसफाइ तथा स्वच्छताको अभ्यास सिकाइको एक अभिन्न अङ्ग हो । खास गरी ९/१० वर्षपछिका बालिकाहरुमा सरसफाइ तथा महिनावारी स्वच्छता (Menstrual hygine) अत्यन्त आवश्यक हुन्छ। नेपालको संविधान र राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षा, स्वास्थ्य र खाद्य सम्प्रभुतासम्बन्धी कानुनले पनि बालबालिकाका यससम्बन्धी अधिकार स्थापित गरेका छन् ।

### ४.२.२ वर्तमान अवस्था

विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखी कक्षा ५ सम्म र आधारभूत शिक्षामा दिवा खाजाको प्रबन्ध छ । दिवा खाजाका निम्ति निर्धारण गरिएको प्रतिदिन प्रति विद्यार्थी रकम अत्यन्त न्यून भएकामा पालिकाले प्रतिदिन प्रति विद्यार्थी रु ५। थपेर उपलब्ध गराउने गरेको छ । खाजा तयारी कक्ष बालबालिकामैत्री छैनन् । बस्न खान असुविधा छ । सरसफाइको स्तर पनि न्यून छ । कतिपय विद्यालयमा त पिउने पानीको समेत व्यवस्था छैन । “आफूले घरबाट लगेको पानी आआफैंले खाने” भन्ने स्थिति छ। माध्यमिक तह संचालन भएका विद्यालयमा दिवा खाजा विद्यालय कर्मचारीबाट दिवा खाजा व्यवस्थापन गर्ने गरिएको छ।

### ४.२.३ उद्देश्य

१. खाजाका समयमा बालबालिकालाई स्वच्छ, स्वस्थ र पोषणयुक्त खाजाको सुनिश्चित गर्नु
२. स्वास्थ्य पोषण र सरसफाइलाई जीवनउपयोगी शिक्षाको अभिन्न अङ्ग बनाई बालबालिकाको सिकाइउपलब्धिमा सुधार गर्नु

### ४.२.४ रणनीतिहरु

१. माध्यमिक तहका विद्यार्थी समेतलाई क्रमशः दिवा खाजाको प्रबन्ध गर्ने
२. सरसफाइका लागि पर्याप्त पानी, साबुन र सेनेटाइजरको व्यवस्था मिलाई भान्सा तथा खाजा खाने ठाउँलाई सफा र स्वच्छ राख्ने
३. किसोरीहरुका लागि Change room को व्यवस्था गर्ने
४. प्राथमिक उपचार तथा खोप प्रवन्ध मिलाउने

५. जुका बिरुद्धको औषधि, आइरन चक्की, फोलिक एसिड आदिको मात्रा सुनिश्चित गरी वितरण गर्ने

६. सेनिटरी प्याडको पर्याप्तता निश्चित गरी प्रयोग भएका प्याडको डिस्पोजलको उचित व्यवस्था मिलाउने

७. दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिने र स्वादिलोभन्दा स्वस्थिलो खाजाको प्रबन्ध गर्ने

८. दिवा खाजा व्यवस्थापनका लागि डाइनिङसहितको भान्सा कोठा निर्माण गर्ने

९. दिवा खाजाका लागि आवश्यक पर्ने भाँडावर्तनको व्यवस्था गर्ने

१०. स्थानीय कृषक अभिभावकसँग स्थानीय उत्पादनसँग सम्बन्धित स्वास्थ्यवर्धक दिवा खाजा व्यवस्थापनका लागि आवश्यक समन्वय गर्ने

११. पालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण गरी विद्यालयमा पठाउने

१२. पालिकाको शिक्षा शाखाको समन्वयमा स्वास्थ्य शाखाबाट आवश्यकताका आधारमा विद्यार्थी र शिक्षकहरुको स्वास्थ्य परीक्षण र उपचार प्रबन्ध गर्ने

१३. कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति स्वास्थ्य टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण गर्ने

१४. दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण गर्ने

१५. पालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था गर्ने

१६. शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध गर्ने

१७. विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन गर्ने

१८. प्राथमिक उपचारको सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्शले नेतृत्वदायी भूमिका खेल्ने

### ४.२.५ अपेक्षित उपलब्धि

बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भई पठनपाठनको वातावरण चुस्त, दुरुस्त, उत्साहप्रद र आनन्ददायक हुने हुँदा सिकाइ उपलब्धि उल्लेख्य रुपमा वृद्धि हुने

### ४.२.६ नतिजा

बालबालिकाको आवधिक स्वास्थ्य अवस्था जाँच, भिटामिन, जुकाको औषधि, आइरन चक्की, सुक्ष्म पोषक तत्व तथा महिनावारीमा सेनेटरी प्याड र Changing room को व्यवस्था भइसकेको हुनेछ।

### ४.२.७ मुख्य कार्यकलापहरु

१. विद्यालय वातावरण स्वच्छ र बालबालिकाको स्वास्थ्य सरसफाइसँग सम्बन्धित ढाँचाको तयारी

२. दिवा खाजाका लागि आवश्यक पर्ने सबै सामग्रीहरुको प्रवन्ध र स्वच्छ खाजा घरको व्यवस्था

३. विद्यालय तथा स्थानीय तहका लागि दिवा खाजा स्वास्थ्य पोषण सरसफाइसम्बन्धी कार्यक्रम सञ्चालनको कार्यतालिका बनाई कार्य सञ्चालन

४. दिवा खाजाका लागि खाद्य सामग्री, सागपात तथा फलफूलको आपूर्ती गर्ने व्यक्ति वा संस्थासँग स्वस्थ्य एवं सफा प्रकृतिका खाद्य उपलब्ध गराउने बारे छलफल गरी मापदण्ड निर्धारण

५. बालबालिको आवधिक स्वास्थ्य जाँच, जुकाको ओषधि,  सुक्ष्म पोषक तत्वको आवश्यकता पूर्ती हुने ट्याव्लेट, आइरन चक्की र फोलिक एसिडका साथै ९/१० वर्ष पुगेका बालिकाहरुलाई प्याडको उपलब्धता र changing room को प्रबन्ध

६. पालिकाबाट दिवा खाजाको मापदण्ड निर्धारण र कार्यान्वयन

७. कम्तिमा ३ महिनामा एकपटक पालिकाको घुम्ति टोलीबाट विद्यार्थी, शिक्षक, कर्मचारी र अभिभावकको सम्बन्धित विद्यालयमा नियमित स्वास्थ्य परीक्षण

८. दिवा खाजाको गुणस्तर व्यवस्थापनका लागि नियमित अनुगमन र सुपरीवेक्षण

९. पालिकाको शिक्षा र स्वास्थ्य शाखाको समन्वयमा प्रत्येक विद्यालयमा विद्यार्थीहरुको पोषणसम्बन्धी विषयमा अभिभावक शिक्षाको व्यवस्था

१०. शिक्षक, विद्यार्थी र विद्यालय कर्मचारीलाई विद्यालयमा स्वास्थ्यसम्बन्धी समस्या परेमा विद्यालयले पालिकाको शिक्षा शाखा मार्फत स्वास्थ्य शाखामा सम्पर्क गरी उपचार प्रबन्ध

११. विद्यालयमा प्राथमिक उपचारको सिप भएका जनशक्ति उत्पादन

१२. प्राथमिक उपचारको सिप भएको जनशक्ति उत्पादनका लागि विद्यालय नर्शको नेतृत्वदायी भूमिका

## ४.३ छात्रवृत्ति व्यवस्थापन

### ४.३.१ परिचय

आर्थिक रुपले विपन्न प्रतिभाशाली विद्यार्थीलाई शिक्षा प्राप्तिको अवसर प्रदान गरी प्रतिभा प्रस्फुरणको वातावरण दिन र विद्यालय शिक्षामा विद्यार्थीहरूको सहभागिता वृद्धि गरी सिकाइलाई निरन्तरता दिन तथा विद्यालयबाहिर रहेका आर्थिक रुपले पिछडिएका वर्गलाई विद्यालय शिक्षामा आकर्षित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो । यसका साथै राम्रो सिकाइ उपलब्धि भएका विद्यार्थीहरुलाई सिकाइका लागि थप हौसला प्रदान गर्न र अन्तर्निहित प्रतिभाको प्रस्फुरण गर्न छात्रवृत्तिले सहयोग गर्छ । छात्रवृत्तिले लक्षित समूदायहरू गरीव, सुविधाविहीन, अपाङ्ग तथा कठीन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ ।

### ४.३.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गर्दै आएको छ । यी छात्रवृत्तिहरुमा अपाङ्ग, दलित, छात्रा र बिपन्न लक्षित छात्रवृत्तिहरु रहेका छन् । यस गाउँपालिकाअन्तर्गत सञ्चालित विद्यालयका लक्ष्यित समूहका विद्यार्थीहरुले उल्लिखितअनुसारका छात्रवृत्तिहरु प्राप्त गरिरहेका छन् । विद्यालयहरुले आफ्नो निजी स्रोतबाट जेहन्दार विद्यार्थीहरूलाई, विभिन्न परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गरेवापत छात्रवृत्ति प्रदान गर्दै आएको अवस्था रहेको छ। विभिन्न सङ्घ संस्था तथा व्यक्तिहरूले समेत जेहन्दार र गरीव परिवारका विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको अवस्था रहेको छ।

### ४.३.३ उद्देश्य

१. लक्षित वर्ग पहिचान गरी बालबालिकाहरूलाई सिकाइमा सहभागिता र उपलब्धि बढाउनु
२. विद्यालय शिक्षामा समानता र समतामा वृद्धि हुने गरी छात्रवृत्ति वितरणलाई प्रभावकारी बनाउनु
३. विद्यालयबाहिर रहेका बालवालिकाहरूलाई विद्यालयको दायरामा ल्याउनु

### ४.३.४ रणनीतिहरु

१. प्रत्येक वर्षको वैशाख मसान्तसम्म छात्रवृत्ति आवश्यक पर्ने विद्यार्थीहरुको विवरण पालिकामा पेश गर्ने
२. शिक्षा शाखाबाट विद्यालयहरुको माग सङ्कलन गर्ने
३. माग भएको छात्रावृत्तिका बारेमा शाखाबाट अध्ययन/छानविन गर्ने
४. छात्रवृत्तिको व्यवस्थाका लागि संघ र प्रदेशमा पालिकाबाट माग सम्प्रेषण गर्ने
५. पालिकाबाट व्यवस्था गर्नुपर्ने छात्रवृत्तिका लागि वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने
६. छात्रवृत्ति प्रदान गर्ने स्थानीय दाताहरुको पहिचान र उपयोग गर्ने
७. तोकिएको मापदण्डका आधारमा विद्यालयको वार्षिक कार्यक्रममा विद्यार्थीहरुलाई छात्रवृत्तिको वितरण गर्ने

### ४.३.५ उपलब्धि

१. आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने
२. विद्यालय शिक्षामा समानता र समतामा वृद्धि भई छात्रवृत्ति वितरण प्रभावकारी हुने
३. प्राविधिक जनशक्ति लगायत जेहन्दार र मेहनती विद्यार्थी उत्पादन हुने

### ४.३.६ नतिजा

१. विद्यार्थीहरुको विद्यालयमा टिकाउदर र शैक्षिक उपलब्धि वृद्धि भएको हुनेछ ।

२. विद्यालय शिक्षाभन्दा बाहिर रहेका बालबालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन् ।

### ४.३.७ मुख्य कार्यकलापहरु

१. विद्यालयबाट माग भएको छात्रावृत्तिका बारेमा शाखाबाट अध्ययन/छानविन

२. छात्रवृत्तिको व्यवस्थाका लागि संघ र प्रदेशमा पालिकाबाट माग सम्प्रेषण

३. पालिकाबाट व्यवस्था गर्नुपर्ने छात्रवृत्तिका लागि वार्षिक नीति तथा कार्यक्रममा समावेश

४. छात्रवृत्ति प्रदान गर्ने स्थानीय दाताहरुको पहिचान र उपयोग

५. आर्थिक रुपमा अति विपन्न, जेहेन्दार, अपाङ्गता भएका र आर्थिक रुपले बिपन्न दलित समुदायका विद्यार्थीका लागि छात्रवृत्ति

६. विद्यालयको वार्षिक कार्यक्रम वा कुनै विशेष समारोहमा छात्रवृत्ति वितरणको व्यवस्था

## ४.४ आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षण

### ४.४.१ परिचय

बालबालिकाले निरन्तर सिक्न पाउने अधिकार आपत्कालमा यो निकै कठिन हुन्छ । यस निम्ति जोखिमको पूर्व तयारी गरी प्रतिकार्य र पुनर्लाभको स्थितिसम्बन्धी कार्यढाँचा तयार गर्नुपर्ने हुन्छ । प्राकृतिक मानवीय तथा कोभिड सङ्क्रमण जस्ता आपत्कालीन स्थितिमा पनि बालबालिकाको सिकाइले निरन्तरता पाउने (Education in emergency and crisis) पूर्व तयारी (Preparedness) हुँदा त्यस्ता प्रकोपबाट हुने क्षती कम गर्न र तत्काल क्षती विरुद्धको पुनर्लाभ (Recover) हुन मद्दत पुग्नुका साथै छोटो अवरोधपछि कार्यक्रमले निरन्तरता पनि पाउँछ ।

### ४.४.२ वर्तमान अवस्था

बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ ले व्यवस्था गरेअनुसार बालबालिकालाई कुनै पनि प्रकारको सजाय, उत्पिडन र यौन दुराचारबाट मुक्त भयरहित वातावरणमा सिकाइ हुनु पर्छ । विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८, सुरक्षा गुरु योजना २०१७ र विद्यालय क्षेत्र सुधार योजना २०७६ ले विपदमा पनि शिक्षणसिकाइलाई निरन्तरता दिन न्यूनतम सुरक्षाका उपायहरु शिक्षक विद्यार्थीको जीवन सुरक्षा घाइते हुनबाट बचाउने र बिपद्पछि सिकाइले निरन्तरता पाउने बारेमा विभिन्न विषयलाई समेटेको छ । भुकम्प, आगलागी, बाढीपहिरो र महामारीका अवस्थामा भएका क्षतिहरुको विवरण अद्यावधिक राख्दा भावी विपद्का अवस्थामा कार्यसम्पादनमा सहजता आउँछ ।

### ४.४.३ उद्देश्य

१. बालबालिकाहरुलाई आपत्कालीन अवस्थाको प्रतिकार्यका लागि उपयुक्त कार्यढाँचा बनाई त्यसको अभिनयात्मक अभ्यास गराउनु

२. बालबालिकाहरुको तत्काल जीवन रक्षा, प्राथमिक उपचार, खाद्यान्न, शुद्ध पिउने पानीको प्रबन्धका साथै उनीहरुको सिक्न पाउने अवस्था सिर्जना गर्नु

### ४.४.४ रणनीतिहरु

१. शिक्षक र विद्यार्थीहरुको सहभागितामा संभावित आपत्कालीन र सङ्कटकालीन अवस्थाको आँकलन गर्नु

२. संभावित आपत्कालीन र सङ्कटकालीन अवस्थामा सुरक्षित रहनसक्ने तरिका बारे सचेतना बढाउनु

३. बिपद्का समयमा सिकाइलाई निरन्तरता दिन बैकल्पिक प्रबन्धको पूर्व तयारीमा रहनु

४. सम्भावित प्रकोप र त्यसबाट हुनसक्ने क्षतिका सम्बन्धमा अग्रीम जानकारी गराउने र सतर्कता अपनाउन सचेत गराउनु

५. बिपद्को समयका लागि शिक्षा निरन्तरता गर्ने व्यवस्थापन प्रतिकार्य र पुनर्लाभ सम्बन्धी आवश्यक नीति मार्गदर्शन तथा कार्यविधिहरु तयार गरिराख्ने

६. सिकाइको निरन्तरता, खाना, बास. पिउने पानी र प्राथमिक उपचारका लागि आवश्यक सामग्रीहरुको जोहो गरिराख्ने

७. बिपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास तथा सङ्कटको बेलाको सुरक्षा र मानवीय सहयोगका लागि तत्ससम्बन्धी संस्थाहरुसँग जीवन्त सम्बन्ध राख्ने

८. जलवायु परिवर्तन र त्यसको प्रत्यक्ष परोक्ष प्रभाव बारे जनसमुदायलाई सचेत गराउँदै हरियाली वृद्धि अभियान र दिगो विकाससम्बन्धी चेतना वृद्धिमा जोड दिने

९. सङ्कटका समयमा पनि सहज सिकाइको प्रवन्ध हुने विद्यार्थी र अभिभावकमा सुनिश्चितता प्रदान गर्ने

१०. अनलाइनमा आधारित शिक्षणसिकाइका लागि जनशक्तिको क्षमता विकास गर्ने

११. अनलाइनमा आधारित शिक्षणसिकाइका लागि इन्टरनेट र सामग्री प्रवन्ध गर्ने

१२. सघन बस्तीका विद्यार्थीहरुको सिकाइका लागि सुरक्षित वातावरणमा आमने सामने पद्धतिको सिकाइ प्रवन्ध गर्ने

१३. परियोजना कार्यमा आधारित शिक्षणसिकाइको प्रवन्ध गर्ने

१४. विद्यार्थीहरु आवतजावत गर्ने बाटोमा रहेका खोला खोल्सा र भीर पहरामा सुरक्षाको पूर्व प्रवन्ध मिलाउनुपर्ने

१५. आपतकालिन शिक्षा योजना बनाई आवश्यक स्रोतको व्यवस्थापन गरी तयारी रहने ।

### ४.४.५ उपलब्धि

१. बिपद् व्यवस्थापन प्रतिकार्यको कार्यविधि तयार संयन्त्र र कार्यढाँचा तयारी अवस्थामा रहेको हुनेछ।
२. आवश्यक मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।
३. बालबालिकाको सिकाइको निरन्तरताको वातावरण बनिसकेको हुनेछ।

### ४.४.६ नतिजा

आपत्कालीन अवस्थामा पनि बैकल्पिक तरिकाबाट पठनपाठनको निरन्तरता रहनेछ।

### ४.४.७ प्रमुख कार्यकलापहरु

१. विपत् व्यवस्थापनका निम्ति बनेका पूर्व नीति नियमहरुको पुनरावलोकन र आवश्यक संशोधन
२. प्रतिकार्यका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास
३. रेडक्रस, स्काउट, लायन्स, रोटरी क्लव आदिजस्ता संस्थाहरुसँग जीवन्त सम्बन्ध र सहकार्य
४. आपत्कालीन र सङ्कटका अवस्थामा शिक्षणसम्बन्धी शिक्षकको क्षमता विकास
५. आपत्कालीन र सङ्कटका अवस्थामा शिक्षणसम्बन्धी अभिभावक सचेतना
६. विद्यार्थीहरु आवतजावत गर्ने बाटोमा रहेका खोला खोल्सा र भीर पहरामा सुरक्षाको पूर्व प्रवन्ध
७. अनलाइनमा आधारित शिक्षणसिकाइका लागि इन्टरनेट र सामग्री प्रवन्ध

## ४.५ विद्यालय भौतिक पूर्वाधार निर्माण र मर्मत

### ४.५.१ परिचय

विद्यालयका भौतिक पूर्वाधार संरचनाहरुभित्र विद्यालय भवन, कक्षाकोठाहरु, कार्यालय कक्ष, स्टाफ कक्ष, विज्ञान र कम्प्युटर ल्याव, पुस्तकालय, प्राथमिक स्वास्थ्य कक्ष, शौचालय, घेराबार, खेलमैदान, सभाहल, भण्डारकोठा आदि समावेश हुन्छन्। विद्यमान शिक्षा नीति नियमअनुसार बालबिकास र आधारभूत तहका विद्यार्थीहरुका लागि प्रति विद्यार्थी न्यूनतम ०.७५ वर्गमिटर र माध्यमिक विद्यालयका लागि १ वर्गमिटर क्षेत्रफल भएको हुनुपर्छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयका भौतिक पूर्वाधारहरु भूकम्प प्रतिरोधी बिपत जोखिममुक्त बाल र अपाङ्ग मैत्री हुनुपर्ने हरियाली प्रवर्धन भएको हुनुपर्ने नीतिगत व्यवस्था गरेको छ।

### ४.५.२ वर्तमान अवस्था

इन्द्रसरोवर गाउँपालिकामा रहेका प्राय विद्यालयहरु पक्की भवनयुक्त, विद्यार्थी मैत्री शौचालय र धारा पानी भएका छन् तापनि कतिपय विद्यालयमा कक्षाकोठा नै अपर्याप्त भएका, जोखिमयुक्त, पानीको सङ्कट, शौचालय जीर्ण

भएको, घेराबार नभएको अवस्था पनि छ। प्राय विद्यालयहरुमा menstrual hygine मैत्री Change room नभएको अवस्था छ। अधिकांश विद्यालयहरुका खेलमैदान छैनन्।

### ४.५.३ उद्देश्य

१. विद्यालयमा शिक्षणसिकाइमैत्री नीति नियममा उल्लेख भएअनुसार मापदण्ड बमोजिमको सुरक्षित जोखिममुक्त भौतिक संरचनाको विकास गर्नु

२. सबै विद्यालयमा उमेर, स्तर र विद्यार्थी सङ्ख्या का आधारमा आवश्यक भौतिक सुविधायुक्त संरचनाको विकास मर्मत तथा सबलीकरण गर्नु

### ४.५.४ रणनीति

१. भौतिक संरचना निर्माणका लागि उपलब्ध जग्गाको क्षेत्रफल विद्यार्थी सङ्ख्या भौगोलिक क्षेत्र उपलब्ध बजेट आदिका आधारमा मापदण्ड विकास गर्ने

२. यस्तो संरचना बनाउँदा पूर्णरुपले एकैपटकमा भौतिक निर्माण सम्पन्न हुनेगरी निर्माण कार्यको योजना बनाउने

३. भएका कमजोर संरचनालाई जोखिममुक्त बनाउन पूननिर्माण मर्मत सम्भार र सबलीकरण गर्ने

४. भौतिक संरचना निर्माण गर्दा सुरक्षित विद्यालय र वातावरणीय पक्षलाई एकीकृत हुनेगरी गर्ने

### ४.५.५ उपलब्धि

१. विद्यालयहरुमा पुग्दो र मापदण्डअनुसारको भौतिक संरचना निर्माण हुने

२. बनेका संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित अर्थात जोखिममुक्त हुने

### ४.५.६ नतिजा

पालिकाका सबै विद्यालयहरुका भौतिक संरचनाहरु मापदण्डअनुसारका जोखिममुक्त बाल र अपाङ्ग मैत्री हुनेछन्।

### ४.५.७ मुख्य क्रियाकलापहरु

१. बनिसकेका भौतिक संरचनाको मर्मत, सबलीकरण र सम्बर्धन

२. छात्रछात्राका लागि अलगअलग शौचालय र सरसफाइका लागि प्रसस्त पानीको प्रबन्ध

३. अपाङ्गता मैत्री बालमैत्री संरचनाको निर्माण

४. बिपत् जोखिम व्यवस्थापनमा बल पुग्ने किसिमले भौतिक संरचना निर्माण

५. विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्थापन

६. शौचालय र अन्य सरसफाइका लागि पर्याप्त पानीको प्रवन्ध

७. दिवा खाजा बनाउने र खाने कोठाको निर्माण

८. विद्यालय भवन, कक्षाकोठा र शौचालय मर्मत

९. थप कक्षाकोठा निर्माण

१०. विद्यालय भवन र शौचालय निर्माण

११. खेलमैदानको व्यवस्था

१२. विद्यालयको घेराबार निर्माण

१३. छात्रावासको निर्माण र सञ्चालन

## ४.६. विद्यालयमा सूचना र सञ्चार प्रविधि

### ४.६.१ परिचय

२१ औं शताब्दीको विज्ञान प्रविधिका युगमा सूचना तथा सञ्चार प्रविधिको ठूलो महत्व रहेको छ। शिक्षणसिकाइमा प्रभावकारिता वृद्धि गर्न, विद्यार्थीहरुमा सूचना प्रविधिसम्बन्धी सिप स्थापित गर्न यसले ठूलो योगदान गर्न सक्छ। पाठ्यक्रममा नै विशेष जोड दिइएको प्राविधिक शिक्षाअन्तर्गत सूचना तथा सञ्चार प्रविधि एक महत्वपूर्ण विधा हो। अब हाम्रा प्राय विद्यालयहरुसँग धेर थोर सङ्ख्यामा कम्प्युटरहरु उपलब्ध छन् तापनि इन्टरनेटको पहुँच भने चुनौतीपूर्ण नै छ।

### ४.६.२ वर्तमान अवस्था

इन्द्रसरोवर गाउँपालिकामा सूचना र प्रविधिको प्रयोग बिस्तार भइरहेको छ। धेरै विद्यालयहरुमा इन्टरनेट समेतको सुविधा प्राप्त छ। शिक्षा शाखासँगको जीवन्त सञ्चार यही प्रविधिबाट हुने गरेको छ। अझै कतिपय विद्यालयमा इन्टर नेटको सुविधा नभएकाले सूचना प्रविधिको उपयोग हुन नसकिरहेको अवस्था छ। गाउँपालिकाका विद्यालयहरुमा सिसिटिभि, कम्प्युटर, प्रिन्टर र स्मार्ट वोर्ड जस्ता विद्युतीय उपकरणहरुको प्रयोग हुन सुरु भएको छ।

### ४.६.३ अवसर

१. राष्ट्रिय शिक्षा नीति २०७६ मा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी स्पस्ट नीति हुनु

२. सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना २०१३-०१७ पनि यससम्बन्धी रणनीति कार्यक्रम तथा लक्ष्यहरु निर्धारण गरिएको हुनु

३. पाठ्यक्रम विकास केन्द्रले कक्षा ६ देखि ८ का गणित, विज्ञान र अंग्रेजी विषयमा केही विद्युतीय सामग्री तयार गरेको हुनु

४. यसैगरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेका श्रव्य दृष्यसम्बन्धी पाठ्यसामग्रीहरु लर्निङ पोर्टलमा राखिएको हुनु

### ४.६.४ चुनौती

१. आइसिटिको नेतृत्व गर्नसक्ने ज्ञानसिप सबै शिक्षकमा भएको अवस्था नहुनु

२. इन्टरनेटको सुविधा पनि सबै ठाउँमा पुगेको अवस्था नहुनु

### ४.६.५ उद्देश्य

१. पालिकाका सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुर्याउनु

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र सिपमूखी बनाउन सूचना तथा सञ्चार प्रविधिलाई व्यापक प्रयोगमा ल्याउनु

### ४.६.६ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका उपकरणहरु उपलब्ध गराउने

२. शिक्षकहरुमा तालिमको व्यवस्था गरी सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सिपयुक्त क्षमता वृद्धि गर्ने

३. विभिन्न विषय र पाठ्यवस्तुका लागि तयार गरिएका डिजिटल सामग्रीलाई कक्षामा प्रयोगमा ल्याउने

४. शिक्षक सहायता तथा पृष्ठपोषणका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने

५. शैक्षिक स्रोत सामग्रीहरु इन्टरनेटबाट खोजी शिक्षणसिकाइमा प्रयोग गर्ने गराउने

### ४.६.७ उपलब्धि

१. सिकाइमा राम्रो सहजीकरण हुने र प्रभावकारी शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको अवस्था हुने

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगले विद्यार्थीहरुको सिकाइउपलब्धि बढ्ने

### ४.६.८ नतिजा

१. पालिकाका सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुगेको हुनेछ।

२. विद्यालय विद्यालयबिच अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गर्न राम्रा पक्षहरुको आपसमा आदानप्रदान गर्न र पालिकाको शिक्षा शाखासँग सम्पर्क गर्न सूचना प्रविधिले सहज बनाएको अवस्था हुनेछ।

३. विद्यालयहरुको व्यवस्थापकीय पक्ष र शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुनेछ।

४. कागजी कार्यहरु कार्यालय धाउनुपर्ने बाध्यता घटेर स्टेशनरी खर्च तथा समयको बचत भई सिकाइउपलब्धिमा योगदान पुगेको अवस्था हुनेछ।

### ४.६.९ प्रमुख क्रियाकलापहरु

१. सबै विद्यालयमा इन्टरनेटको सुविधा

२. आवश्यक विद्युतीय उपकरणहरुको व्यवस्था

३. तालिमद्वारा शिक्षकहरुको आइटि प्रयोगसम्बन्धी क्षमताको विकास

४. विद्यालयसँग सम्बन्धित सम्पूर्ण तथ्याङ्कहरु डिजीटलमा राख्नुपर्ने व्यवस्था

५. विभिन्न कार्यालयहरुसँग गर्नुपर्ने सम्पर्क डिजिटलले गर्ने परिपाटीको विकास

६. विद्यालयसँग सम्बन्धित अद्यावधिक तथ्याङ्कहरु कार्यालय कोठामा

७. शिक्षा, स्वास्थ्य र वातावरणसँग सम्बन्धित नयाँ जानकारीमूलक सामग्रीहरु नियमित रुपमा सूचना पाटीमा

८. विद्यालयको वार्षिक कार्ययोजना तयार गरी शिक्षक, विद्यार्थी र अभिभावकलाई जानकारी

९. आधारभूत विद्यालयमा कम्तिमा ५ ओटा कम्प्युटरसहितको एक अलग कोठाको व्यवस्था

१०. माध्यमिक विद्यालयमा अनिवार्य रुपमा कम्प्युटर ल्यावको व्यवस्था र तालिका बनाएर विद्यार्थीहरुलाई अभ्यासको प्रवन्ध

११. माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्डबाट अध्यापन गर्ने प्रवन्ध

१२. शिक्षणसिकाइ कार्यकलापमा आधुनिक सूचना र सञ्चार प्रविधिको प्रयोगमा जोड

## ४.७ प्राविधिक र व्यावसायिक शिक्षा

### ४.७.१ परिचय

राष्ट्रिय शिक्षा नीति २०७६ को प्रावधानअनुसार सिपयुक्त, सक्षम, स्वरोजगारमुखी, सिर्जनशील, आत्मनिर्भर नागरिक उत्पादन गर्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्था गरिएको छ। देशको औद्योगीकरण र कृषि उत्पादनमा राष्ट्रलाई आत्मनिर्भर बनाउन यस इन्द्रसरोवर गाउँपालिकाले पनि प्राविधिक तथा व्यावसायिक शिक्षालाई विशेष प्राथमिकता दिएको छ।

### ४.७.२ वर्तमान अवस्था

इन्द्रसरोवर गाउँपालिकामा विभिन्न प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता भए पनि यसका निम्ति भौतिक संरचना यन्त्र उपकरणका लागि आवश्यक पर्ने लगानी कमीका कारण सघन रुपमा अघि बढाउन कठीन भएको देखिन्छ । हाल यस पालिकामा कृषि र सिभिल इञ्जिनियरिङ गरी प्राविधिक धारका २ विद्यालयहरु सञ्चालित छन् । कृषि प्रविधितर्फ कक्षा ९ र १० मा २२ र कक्षा ११ र १२ मा २७ गरी ४९ जना र इञ्जिनियरिङ् तर्फ कक्षा ९ र १० मा ३६ र कक्षा ११ र १२ मा ४० गरी ७६ जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

### ४.७.३ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु
२. यससम्बन्धी सिप शिक्षा विकासको अवसर सिर्जना गर्न आवश्यक संयन्त्र विकास गर्नु
३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरुलाई पालिकाको आवश्यकताअनुरुप सान्दर्भिक उपयोगी र गुणस्तरीय बनाउनु

### ४.७.३ रणनीतिहरु

१. प्राविधिक धारको पठनपाठन हुने विद्यालयमा प्रत्येक वडाबाट कम्तिमा १/१ जना विद्यार्थी छात्रवृत्तिमा पढाउने प्रवन्ध गर्ने
२. प्राविधिक धारतर्फ कृषि विषय पढाइ हुने विद्यालयका शिक्षक र विद्यार्थीहरुको अगुवाइमा अरु विद्यालयमा हरियाली प्रवर्धन र बस्तीहरुमा खेतीपाती प्रणालीमा आधुनिकीकरण प्रवर्धनका लागि सहजीकरण गर्ने
३. विशेषत प्राविधिक धारको पठनपाठन नभएका माध्यमिक विद्यालयका कक्षा ८ देखि १० का इच्छुक विद्यार्थीहरुलाई थाङ्का लेखन, पर्यटन पथप्रदर्शन, प्लम्बिङ्, वाइरिङ, पेण्टिङ र फलफूल खेती क्षेत्रमा वर्षमा कम्तिमा १८ घण्टाको प्रमाणीकरण सिप विकास कार्यशाला/तालिम सञ्चालन गर्ने
४. माध्यमिक विद्यालयमा प्राविधिक र व्यावसायिक सिप विकास तालिमका लागि कम्तिमा एक कोठा निर्माण गर्ने
५. थाङ्का लेखन, पर्यटन पथप्रदर्शन, प्लम्बिङ्, वाइरिङ, पेण्टिङ र फलफूल खेतीका लागि आवश्यक पर्ने सामग्री व्यवस्थापन गर्ने
६. विषयगत ल्यावमा आवश्यक उपकरणहरुको व्यवस्था गर्ने
७. थाङ्का लेखन, पर्यटन पथप्रदर्शन, प्लम्बिङ्, वाइरिङ र पेण्टिङसम्बन्धी सिप विकास तालिमका लागि स्थानीय विज्ञ व्यक्तिहरुलाई सहजकर्तामा प्राथमिकतामा राख्ने
८. थाङ्का लेखन, पर्यटन पथप्रदर्शन, प्लम्बिङ्, वाइरिङ र पेण्टिङसम्बन्धी सिप विकास तालिम कार्यक्रम प्रत्येक

शुक्रबार वा प्रशिक्षार्थीको समय अनुकूल हुने गरी कुनै एक विषय क्षेत्रमा हप्ताको कम्तिमा १ घण्टा ३० मिनेटको सञ्चालन हुने व्यवस्था गर्ने

९. प्रशिक्षक हुने आधार र मापदण्ड पालिकाले तोकेअनुसार हुने

१०. यस कार्यक्रमको नियमित अनुगमन, सुपरीवेक्षण र पेशागत सहयोग पालिकाको शिक्षा शाखाबाट हुने

११. कुनै एक विषय क्षेत्रमा कम्तिमा १८ घण्टाको प्राविधिक सिप सिकेका विद्यार्थीहरुलाई पालिकाले प्रमाण पत्र दिने

१२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहित गर्ने

१३. यस क्षेत्रमा सार्वजनिक निजी साझेदारी प्रकृतिका लगानीलाई प्रेरित गर्ने

१४. पालिकामा अन्य देशबाट विभिन्न औद्योगिक तथा व्यावसायिक सिप आर्जन गरी फर्किएका जनशक्तिलाई प्राविधिक धारको शिक्षा तथा सिप विकासमा उपयोग गर्ने

१५. कृषि, ऊर्जा, पर्यटन, जलश्रोत, स्थानीय प्रविधि सम्पदा संस्कृति र जलवायु परिवर्तनका क्षेत्रमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपलाई केन्द्रित गर्ने गरी पहल गर्ने

१६. विद्यार्थीहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका अवसरहरु दिलाउन गाउँपालिकामा रहेका सम्बन्धित उद्योग व्यवसायसँग समन्वय सहकार्य गर्ने र त्यस्ता उद्योग व्यवसायको प्रगति र उन्नतिका लागि आवश्यक सहयोग गर्ने

१८. जुनसुकै विषयक्षेत्रमा सिप हासिल गरेको जनशक्तिमा उद्यमशील सोचको विकास गर्ने

१९. व्यवहारिक अनुभवमा सिकेका सिपहरुको प्रमाणिकीकरण गराउनका लागि पालिकाले CTEVT सँग समन्वय गर्ने

## ४.७.५ अपेक्षित उपलब्धि

प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपको अभ्यासले प्राविधिक व्यावसायिक सिप भएका सक्षम, उत्पादनशील, स्वरोजगारमुखी, जीविकोपार्जनमा आत्मनिर्भर जनशक्ति उत्पादन भई पालिकाका जनताको जीवनस्तरमा सुधार भएको हुनेछ।

## ४.७.६ नतिजाहरु

१. उत्पादित जनशक्तिले प्राविधिक तथा व्यावसायिक क्षेत्रहरुमा रोजगारीको अवसर प्राप्त गरेको अवस्था हुनेछ।

२. पालिकाको आवश्यकताअनुसार हाल सञ्चालनमा रहेका कृषि र इञ्जिनियरिङ् धारका विद्यालयलाई अन्य प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर दिनसक्ने गरी बहु प्राविधिक शिक्षालयका रुपमा विकास गरिएको हुनेछ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपलाई स्थानीय उत्पादन र रोजगारका क्षेत्रमा गाँसिएको हुनेछ ।

४. पालिकामा भएका विभिन्न परम्परागत सिपहरुको पहिचान, प्रमाणीकरण तथा प्रवर्धन भएको हुनेछ ।

५. अन्य देशबाट प्राविधिक तथा व्यावसायिक सिप हासिल गरी फर्किएका जनशक्तिहरुको सिप प्रमाणीकरण तथा उपयोग हुने वातावरण तयार भएको हुनेछ ।

६. पालिकामा सम्भावित उद्योग व्यावसायको खोज अनुसन्धान र नव प्रवर्तनको पहल भएको हुनेछ ।

७. रोजगारी र स्वरोजगारीको अवसर बढेको हुनेछ ।

८. सार्वजनिक, निजी तथा साझेदारी किसिमका लगानीको अभिवृद्धि हुने वातावरण निर्माण भएको हुनेछ ।

### ४.७.७ मुख्य कार्यकलापहरु

१. प्राविधिक धारको पठनपाठन हुने विद्यालयमा प्रत्येक वडाबाट कम्तिमा १/१ जना विद्यार्थी छात्रवृत्तिमा पढाउने प्रवन्ध

२. प्राविधिक धारतर्फ कृषि विषय पढाइ हुने विद्यालयका शिक्षक र विद्यार्थीहरुको अगुवाइमा अरु विद्यालयमा हरियाली प्रवर्धन र खेतीपाती प्रणालीमा आधुनिकीकरण प्रवर्धन

३. शिक्षकको क्षमता विकास तालिम

४. विशेषत प्राविधिक धारको पठनपाठन नभएका माध्यमिक विद्यालयका कक्षा ८ देखि १० का इच्छुक विद्यार्थीहरुलाई थाङ्का लेखन, प्लम्बिङ्, वाइरिङ, पेण्टिङ र फलफूल खेती क्षेत्रमा वर्षमा कम्तिमा १८ घण्टाको प्रमाणीकरण सिप विकास कार्यशाला/तालिम प्रबन्ध

५. माध्यमिक विद्यालयमा प्राविधिक र व्यावसायिक सिप विकास तालिमका लागि कम्तिमा एक कोठा निर्माण

६. थाङ्का लेखन, प्लम्बिङ्, वाइरिङ, पेण्टिङ र फलफूल खेतीका लागि आवश्यक पर्ने सामग्री व्यवस्थापन

७. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपतर्फ विद्यार्थीहरुलाई आकर्षित गर्न छात्रवृत्ति कार्यक्रमको विस्तार

८. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गरिरहेका विद्यालयहरुको पूर्वाधार विकास

९. नियमित अनुगमन, सुपरीवेक्षण र पेशागत सहयोग

१०. कुनै एक विषय क्षेत्रमा कम्तिमा १८ घण्टाको प्राविधिक सिप सिकेका विद्यार्थीहरुलाई पालिकाले प्रमाण पत्र प्रदान

११. व्यवहारिक अनुभवमा सिकेका सिपहरुको प्रमाणिकीकरण गराउनका लागि पालिकाले CTEVT सँग समन्वय गर्ने

## ४.८ अभिभावक शिक्षा

### ४.८.१ परिचय

बालबालिकाहरूको शिक्षणसिकाइमा अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ। बालबालिकाका आमाबाबु भनेका उनीहरुलाई जन्म दिने व्यक्तित्व हुन् भने अभिभावक भनेका उनीहरुका जीवन दाता हुन् । विद्यालयमा भर्ना भएका बालबालिकाहरुको सहज सिकाइका लागि अभिभावकको भूमिकालाई प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो । यस आवश्यकतालाई ध्यान दिएर अभिभावकहरुलाई सक्रिय बनाएका विद्यालयका बालबालिकाहरुको सिकाइस्तर राम्रो भएको पाइएको छ। अभिभावक शिक्षामा चासो नदिएका कारण विद्यालय र स्थानीय सरकारले अपेक्षित प्रगति गरेका छैनन् । त्यसैले हरेक विद्यालय र स्थानीय सरकारले अभिभावक शिक्षामा आवश्यक चासो र लगानी बढाएर उनीहरुलाई बालबालिकाहरुको सिकाइप्रति अझ जिम्मेवार बनाएर काम गर्नु अहिलेको आवश्यकता हो।

बालबालिकाहरुको सिकाइमा अभिभावकको महत्वलाई आत्मसात गरेर नै इन्द्रसरोवर गाउँपालिकाले अभिभावक शिक्षामा चासो बढाएको छ । बालबालिकाहरुको पहिलो पाठशाला घर भएकाले अभिभावकले घरपरिवारमा संस्कारयुक्त आनीबानी र व्यवहार सिकाएका खण्डमा नै त्यस्तो परिवारका बालबालिकाहरुले शिक्षामा राम्रो प्रगति गर्न सक्छन् । विद्यालयका कार्यक्रमहरुमा सहभागिता जनाएर होस् वा विद्यालयका समस्याहरुमा आवश्यक चासो बढाई समस्या समाधानमा सहयोग गरेर विद्यालयका विविध पक्षमा सुधारका लागि सहयोग गर्नका लागि अभिभावक शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ। अभिभावक शिक्षाले नै शिक्षाको विकासमा अभिभावकको सक्रिय सहभागिता बढाउने भएकाले यसमा आवश्यक मात्रामा ध्यान बढाउनु आवश्यक छ। यसका साथै विद्यालयमा भर्ना भएका बालबालिकाका अभिभावकले बालबालिकाहरुको सिकाइमा चासो बढाई विद्यालयमा नियमित उपस्थित भएर बालबालिकाहरुको सिकाइ सुधारका लागि अन्तरक्रिया गर्ने र उनीहरुको सिकाइका लागि घरमा पनि सहज वातावरण बनाउनाले सिकाइ सहज हुन्छ।

अभिभावक भनेका शिक्षारुपी घरको महत्वपूर्ण खम्बा भएकाले यो खम्बालाई अझ दरिलो बनाउन अभिभावक शिक्षाले ठूलो भूमिका खेल्ने कुरामा कसैको दुई मत हुँदैन । अभिभावक शिक्षाका लागि नीति निर्माण गर्ने र अभिभावक शिक्षाका कार्यक्रमहरु आवश्यक मात्रामा सञ्चालन गर्ने काममा अहिलेसम्म आवश्यक मात्रामा चासो नदिएका कारणले पनि अहिले विद्यालय शिक्षाका क्षेत्रमा अपेक्षित प्रगति हुन नसकेको तथ्यलाई आत्मसात गरेर नै यस अवधारणालाई बढी जोड दिन खोजिएको हो।

### ४.८.२ वर्तमान अवस्था

अहिलेसम्म केही विद्यालयहरुले अभिभावक शिक्षालाई आवश्यक महत्व दिएर विद्यालयका विविध पक्षमा सुधार भइरहेको पनि पाइएको छ। विद्यालयहरुले स्थापना दिनका अवसरमा, विद्यार्थीहरुको नतिजा प्रकाशनका अवसरमा

र अभिभावक भेलाका दिन अभिभावकहरुलाई आमन्त्रण गरेर पनि अभिभावक शिक्षामा टेवा पुर्याउने गरेका छन् । विद्यालयमा भएका सुधारले बालबालिकाको सिकाइका क्षेत्रमा अपेक्षित प्रगति भएको छ । बालबालिकाहरुको सिकाइ वातावरण निर्माण र विद्यालयका विविध पक्षमा सुधारका लागि अभिभावकको सङ्लग्नता जति हुनुपर्ने हो त्यति भने भएको पाइदैन । यसो हुनुमा अभिभावक शिक्षाको महत्व बारे जानकारीको कमी भएर पनि हो । अभिभावक शिक्षाका क्षेत्रमा सम्बन्धित पक्षले आवश्यक मात्रामा ध्यान दिएर काम नगरेका कारणले पनि बालबालिकाहरुको सिकाइ सहज नभएको भन्ने यथार्थता स्पस्ट छ । यस गाउँपालिकाको सेवाक्षेत्रमा सञ्चालित विद्यालयहरुमा पनि अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा केही कामहरु अवश्य भएका छन् । पालिकाको योजनामा अभिभावक शिक्षाले महत्व पाएपछि यस सम्बन्धमा विद्यालयले गर्दैआएका कार्यकलापहरुमा पनि गति बढ्ने अपेक्षा गरिएको छ ।

### ४.८.३ उद्देश्यहरु

१. अभिभावकहरुको अभिलेखलाई अझ व्यवस्थित गरी उपयोग गर्नु

२. कक्षागत, तहगत र विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका विषयक्षेत्रहरुको पहिचान गरी अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रारुपको विकास र उपयोग गर्नु

३. अभिभावक सचेतना र अभिभावक शिक्षाका माध्यमबाट विद्यालयीय शिक्षाका विविध पक्ष र बालबालिकाहरुको सिकाइमा अपेक्षित सुधारको सुनिश्चितताका लागि सहयोग गर्नु

४. विद्यालयका विविध पक्षको सुधार र बालबालिकाहरुको सिकाइउपलब्धि सुधारका लागि अभिभावकहरुलाई अझ जिम्मेवार बनाउनुका साथै विद्यालयका गतिविधिहरुमा उनीहरुको सक्रिय सहभागिता बढाउन कार्यक्रमहरु सञ्चालन गर्नु

५. अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा काम गरिरहेका सरकारी गैर सरकारी निकायहरुसँग आपसी समन्वय, सहकार्य र साझेदारीको विकास गर्नु

### ४.८.४ रणनीतिहरु

१. सरोकारवालाहरुको सहभागितामा अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि योजना निर्माण गर्ने

२. अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रशिक्षक तयारी गर्ने

३. अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रशिक्षकका रुपमा काम गर्नसक्ने विज्ञ प्रशिक्षकहरुको रोष्टर तयार गर्ने

४. अभिभावक शिक्षाका लागि विषयवस्तुहरुको पहिचान गर्ने

५. कक्षागत, तहगत र विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरुको सञ्चालन गर्ने

६. पालिकागत रुपमा पनि अभिभावक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने

७. सिकाइका दृष्टिले कमजोर मानिएका बालबालिकाहरुका अभिभावकका लागि अभिभावक सहयोग तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने

८. अभिभावकहरुलाई असल अभ्यास भएका विद्यालय तथा शैक्षिक संस्थाहरुको भ्रमण र सिकाइ आदानप्रदानको व्यवस्था गर्ने

९. SMC र PTA का पदाधिकारीको क्षमता विकासका कार्यक्रमहरुको सञ्चालन गर्ने

### ४.८.५ अपेक्षित उपलब्धिहरु

१. अभिभावकहरु आफ्ना बालबालिकाहरुको शिक्षाप्रति सचेत र जागरुक भएको अवस्था हुनेछ।

२. विद्यालयका कार्यकलापमा अभिभावकहरुको सक्रियता बढेको हुनेछ।

३. अभिभावकहरुका विद्यालय शिक्षासम्बन्धी व्यवहारहरुमा सुधार आएको हुनेछ।

### ४.८.६ नतिजाहरु

१. अभिभावकहरुले क्षमता विकासका अवसरहरु पाइसकेका हुनेछन्।

२. विद्यार्थीहरुको घरको सिकाइ वातावरणमा सहयोग पुगेको अवस्था हुनेछ।

३. विद्यालयहरुको भौतिक र शैक्षिक वातावरणमा सुधार आइसकेको हुनेछ।

### ४.८.७ मुख्य कार्यकलापहरु

१. सरोकारवालाहरुको सहभागितामा अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि योजना निर्माण

२. अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रशिक्षको तयारी

३. अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रशिक्षकका रुपमा काम गर्नसक्ने विज्ञ प्रशिक्षकहरुको रोष्टर तयारी

४. अभिभावक शिक्षाका लागि विषयवस्तुहरुको पहिचान

५. कक्षागत, तहगत र विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरुको सञ्चालन

६. पालिकागत रुपमा पनि अभिभावक शिक्षाका कार्यक्रमहरु सञ्चालन

७. सिकाइका दृष्टिले कमजोर मानिएका बालबालिकाहरुका अभिभावकका लागि अभिभावक सहयोग तथा परामर्श कार्यक्रम सञ्चालन

८. अभिभावकहरुलाई असल अभ्यास भएका विद्यालय तथा शैक्षिक संस्थाहरुको भ्रमण र सिकाइ आदानप्रदानको व्यवस्था

९. SMC र PTA का पदाधिकारीको क्षमता विकासका लागि तालिमको सञ्चालन

१०. विद्यालय शिक्षाको सुधारका लागि SMC र PTA का पदाधिकारीको भूमिका विषयमा अन्तरक्रिया/छलफलको आयोजना

# परिच्छेद ५

# सुशासन तथा व्यवस्थापन

## ५.१ संस्थागत संरचना र क्षमता विकास

### ५.१.१ परिचय

हालको शिक्षा क्षेत्रको संरचनामा संघअन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ रहेका छन् । यसै गरी प्रदेशअन्तर्गत सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्र रहेका छन् । स्थानीय तहमा सामाजिक विकास समितिअन्तर्गत शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ ।

शैक्षिक गुणस्तर सुधार गर्नका लागि साशकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्नुपर्ने हुन्छ । वर्तमान समयमा ज्ञान, विज्ञान र प्रविधिमा आएको व्यापक परिवर्तन, विकसित सामाजिक चेतना र स्थानीय तहको शिक्षा क्षेत्रप्रतिको उत्तरदायित्वलाई ध्यानमा राख्दै संस्थागत संरचना र क्षमता विकाससम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ ।

### ५.१.२ वर्तमान अवस्था

माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिइएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ ओटा अधिकारहरु स्थानीय तहलाई दिएको छ । अहिले इन्द्रसरोवर गाउँपालिकामा २१ ओटा सामुदायिक विद्यालयहरु ३१ ओटा प्रारम्भिक बाल विकास केन्द्रहरु र ती विद्यालयहरु र बाल कक्षाहरु सञ्चालनार्थ व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको व्यवस्था रहेको छ । पालिकामा ३ ओटा सामुदायिक सिकाइ केन्द्रहरु रहेका छन् । विद्यार्थीको मूल्याङ्कनका लागि आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तहबाट सञ्चालन गर्ने गरिएको छ ।

### ५.१.३ उद्देश्य

शिक्षामा सुशासन प्रवर्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरु देहायअनुसार रहेका छन्

१. विद्यालय र स्थानीय तहबिचको अन्तरसम्बन्ध सुदृढ बनाउनु
२. विद्यालय तथा शैक्षिक क्षेत्रमा काम गर्ने जनशक्तिको क्षमता वृद्धि गर्नु
३. कार्यसम्पादनप्रति उत्तरदायी र नतिजाप्रति जवाफदेहिताको वातावरण सिर्जना गर्नु
४. प्रधानाध्यापक, शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको क्षमता विकास गर्नु

### ५.१.४ रणनीतिहरु

१. विद्यालय र स्थानीय तहबिचको सम्बन्ध बलियो बनाउन आवश्यक कानुनी प्रबन्ध गर्ने

२. गाउँपालिका र विद्यालयमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्ने

३. विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षकहरुको पुनर्वितरण गर्ने

४. शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने

५. शिक्षकहरुलाई आवश्यकताअनुसार पुनर्ताजगी तालिम तथा पेशागत सहयोग गर्न पालिकास्तरीय विज्ञ शिक्षकहरुको रोष्टर निर्माण गर्ने

६. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक र प्रधानाध्यापकको कार्यक्षमता बढाउने

७. समयसमयमा अभीभावक भेला आयोजना गरी सार्वजनिक सुनुवाइ गर्ने ।

### ५.१.५ उपलब्धि

शैक्षिक संस्थाहरुमा सुशासनको प्रवर्धन भई बालबालिकाहरुको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

### ५.१.६ नतिजा

१. स्थानीय तह र विद्यालयहरुबिचमा सहकार्य र समन्वयका लागि शैक्षिक संयन्त्रको सक्रियता वृद्धि भएको हुनेछ ।

२. शिक्षासम्बन्धी आवश्यक कानुनहरुको निर्माण भई शिक्षा सम्बद्ध सबैको जिम्मेवारी स्पष्ट भएको हुनेछ ।

३. शिक्षाको शासकीय प्रवन्ध र व्यवस्थापनमा संलग्न हुने सबैको क्षमता वृद्धि भएको हुनेछ ।

४. शैक्षिक तथा विद्यालय प्रशासन सहभागितामूलक कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई शैक्षिक कार्य उद्देश्यमूलक तथा प्रभावकारी हुनेछन् ।

### ५.१.७ प्रमुख कार्यकलापहरु

१. योग्य, दक्ष र अनुभवी शिक्षकलाई प्रचलित कानुनबमोजिम प्रधानाध्यापकमा नियुक्ति प्रबन्ध

२. आवश्यकताअनुसार प्रधानाध्यापकको क्षमता अभिवृद्धि तालिमको सञ्चालन

३. निर्धारित सूचकहरुका आधारमा विद्यालयको तथ्याङ्क सङ्कलन र विश्लेषण गरी शैक्षिक सुधार सहयोगी योजना निर्माण र कार्यान्वयन

४. शैक्षिक सुशासनका दृष्टिले राम्रा अभ्यास भएका पालिकाहरुको भ्रमण र अनुभव आदानप्रदान

५. विद्यालय शिक्षा सम्बद्ध सबै पदाधिकारीहरुलाई क्षमता विकास र सुशासनसम्बन्धी तालिमको प्रबन्ध

६. नयाँ बन्ने  भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री र दिगो विकासको अवधारणाअनुरुप विकास प्रबन्ध

७. शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक कानुनको प्रबन्ध

८. गाउँपालिकास्तरमा गठन हुने विज्ञ समूहको रोष्टरलाई शिक्षकको पेशागत विकासका लागि कक्षा अवलोकन, शिक्षक तालिम र शिक्षण सहजकर्ताका रुपमा उपयोग

९. प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति अझ जिम्मेवार बनाउने प्रबन्ध

१०. प्रधानाध्यापकले आफ्ना शिक्षकसँग कार्यसम्पादन करार गरी नतिजाप्रति अझ जिम्मेवार बनाउने प्रबन्ध

११. समयसमयमा अभिभावक शिक्षा विद्यालयका पदाधिकारीहरुसँग शिक्षासम्बन्धी समसामयिक विषयवस्तुहरुमा अन्तर्क्रिया

१२. विद्यालय शिक्षाको अधिकतम सुधार विकासका लागि सरोकारवालाहरुमा शैक्षिक जागरण अभियान सञ्चालन

१३. समाजिक परीक्षण र लेखा परीक्षण निर्धारीत समयमा गरिने

१४. अभिभावक भेला आयेजना गर्ने ।

# परिच्छेद ६
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी पालिकालाई समृद्ध बनाएर देश निर्माणमा सहयोग पुर्याउन शिक्षाको अहम् भूमिका हुन्छ। भविष्यका लागि गुणस्तरीय मानव संशाधनको विकास गर्न शिक्षामा लगानी गर्नु आवश्यक छ। पालिकाले शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र पालिकाका विविध पक्षको दीर्घकालीन विकास गरी राष्ट्रका लागि सहयोग गर्दछ भन्ने विश्वास लिएको छ। पालिकाले आफूसँग भएको स्रोत र साधनलाई शिक्षा क्षेत्रको विकासका लागि लगानी बढाउने प्रयास गर्दैआएको छ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा संघ, प्रदेश र स्थानीय तहको साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संङ्घ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजी क्षेत्रको समेत साझेदारीको  आवश्यकता पर्दछ। यस यथार्थलाई पालिकाले आत्मसात गरेको छ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हो। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ।

पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.२ वर्तमान अवस्था

हालका वर्षहरुमा संघीय सरकारले शिक्षामा अपेक्षित मात्रामा लगानी बढाएको अवस्था नभए पनि शिक्षा विकासको मेरुदण्ड हो भन्ने तथ्यलाई इन्द्रसरोवर गाउँपालिकाले आत्मसात गरेको छ। शिक्षाको विकासका लागि लगानी बढाएर अन्य पक्षको विकासमा गति दिनु आवश्यक छ। यस गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहको स्रोतलाई नै परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गर्दैआएको छ।  योजनाबद्ध रुपमा शिक्षा क्षेत्रको विकासमा लागेको यो पालिका यस क्षेत्रमा काम गरिरहेका सरकारी गैरसरकारी निकायहरुसँग सहकार्य गरेर पनि शिक्षामा लगानी बढाउन आवश्यक समन्वय गरिरहेको छ।

## ६.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा लगानी वृद्धिका लागि स्रोतहरुको प्रक्षेपण गर्नु

२. शिक्षाको स्तर वृद्धिका लागि समावेश गरिएका कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोतहरुको व्यवस्था गर्नु

३. प्रस्तावित कार्यक्रमहरुमध्ये प्राथमिकतामा रहेको कार्यक्रम निश्चित गरी त्यसको कार्यान्वयन गर्नु

४. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने आर्थिक स्रोत व्यवस्थापनका लागि दातृ पक्षहरुलाई आकर्षित गर्नु

## ६.४ रणनीतिहरु

१. संघीय र प्रदेश सरकारको शिक्षामा गरेको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नै स्रोतबाट लगानी बढाउने

२. लगानीलाई प्रभावकारीसाथ उपयोग गरी शिक्षामा पहुँच सहभागिता र गुणस्तर बढाउने

३. पालिकाको कुल बजेटको कम्तिमा १५ प्रतिशत शिक्षामा लगानी गर्ने

४. शिक्षा विकासमा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन एवं प्रवर्धन गर्ने

५. विद्यालयको वितीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सुदृढ गर्ने

६. विभिन्न व्यक्ति र संस्थासँग आर्थिक साझेदारीमा आधारित हुनेगरी कार्यक्रमहरु सञ्चालन गर्ने

## ६.५ उपलब्धि

विद्यार्थीहरुमा शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा प्राथमिकताअनुरुप स्रोतको व्यवस्थापन भएको हुनेछ।

## ६.६ नतिजा

१. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ।

२. उपलब्ध भएको आर्थिक स्रोतको अधिकतम उपयोग भएको हुनेछ।

## ६.७ मुख्य कार्यकलापहरु

विभिन्न क्रियाकलापमा हुने अनुमानित बजेट तपसिल अनुसार हुनेछ।

## आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ का लागि अनुमानित बजेट र कार्यक्रमहरु

आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ का लागि देहायअनुसारका क्रियाकलाप सञ्चालन गर्न बजेट अनुमान गरिएको छ। योजना कार्यान्वयनको पहिलो वर्षको अनुभवका आधारमा आगामी वर्षहरुका लागि कार्यक्रम र बजेटमा आवश्यकताअनुसार संशोधन गरी योजना कार्यान्वयनको गति बढाउन सकिने छ।

| क्र सं | कार्यक्रमहरु | एकाइ जना | योजना अवधिका लागिअनुमानित बजेट | | | | | बजेटको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | योजनाको प्रवोधीकरण | | | | | | | |
| | क. कार्यपालिका र शिक्षा समितिका पदाधिकारी र कर्मचारी (१ दिनको) | ३६ | ६४०००। | | | | | |
| | ख. विद्यालयका प्रधानाध्यापकहरु (२ दिनको) | २१ जना | ६८०००। | | | | | |
| | ग. विद्यालय व्यवस्थापन समिति र PTA पदाधिकारी (१ दिनको) | ४२ | ६६०००। | | | | | |
| | घ. शिक्षकहरु वडागत रुपमा (१/१ दिन) | १३५ | २३००००। | | | | | |
| २ | प्रारम्भिक बाल शिक्षा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क. बाल कक्षाका सहयोगी कार्यकर्ताको थप सेवासुविधा | ३१ शिक्षक | | ९८८०००। | ९८८०००। | ९८८०००। | ९८८०००। | |
| | ख.बाल कक्षाका सहयोगी कार्यकर्ताको क्षमता विकास तालिम | ३८ शिक्षक | ५०००००। | ५०००००। | ५०००००। | ५०००००। | ५०००००। | |
| | ग.बाल कक्षाका सहयोगी कार्यकर्ताको शैक्षिक भ्रमण | ३८ शिक्षक | २२००००। | २२००००। | २२००००। | २२००००। | २२००००। | |
| | घ.स्मार्ट टेलिभिजन | ३१ ECD | ९००००। | १२००००। | १२००००। | १२००००। | १२००००। | |
| | ङ.सहयोगी कार्यकर्तामा विद्यार्थी स्वास्थ्यसम्बन्धी क्षमता विकास | ३८ शिक्षक | १२००००। | १२००००। | १२००००। | १२००००। | १२००००। | |
| | च.नमूना बालविकास केन्द्रको स्थापना २०८५ | १ | | १२०००००। | | | | |
| | छ.विद्यार्थी स्वास्थ्य परीक्षण (वर्षको चार पटक) | ३१ ECD | १२४०००। | १२४०००। | १२४०००। | १२४०००। | १२४०००। | |
| | ज.दैनिक योग अभ्यास (बजेट आवश्यक नहुने ) | ३१ ECD | | | | | | |
| ३ | आधारभूत शिक्षा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क.आधारभूत तहका शिक्षक र विद्यार्थीहरुको सहभागितामा विषयगत शैक्षिक सामग्री निर्माण कार्यशाला (गणित, अंग्रेजी र विज्ञान) | २१ विद्यालय | ६०००००। | | ६०००००। | | ६०००००। | सगुन नेपाल |
| | ख.विद्यार्थी परामर्श | २१ विद्यालय | १२५०००। | १२५०००। | १२५०००। | १२५०००। | १२५०००। | |
| | ग.विद्यार्थी स्वास्थ्य परीक्षण | २१ विद्यालय | १२४०००। | १२४०००। | १२४०००। | १२४०००। | १२४०००। | |
| | घ.शिक्षक विद्यार्थी र अभिभावकका रचनासहितको त्रैमासिक भित्तेपत्रिका प्रकाशन (वोर्ड व्यवस्थाका लागि बजेट रअन्य व्यवस्था विद्यालयबाट) | २१ विद्यालय | | ४५०००। | | | | |
| | ङ.विषयगत प्रयोगशालाको स्थापना | २१ विद्यालय | | १५०००००। | | | | |
| | च. दैनिक योग अभ्यास (बजेट आवश्यक नहुने) | २१ विद्यालय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छ. विद्यार्थीका लागि पालिकास्तरीय वार्षिक प्रतियोगितात्मक अतिरिक्त कार्यकलाप सञ्चालन (कविता, बक्तृत्वकला र हाजिरीजवाफ) | २१ विद्यालय | २०००००। | २०००००। | २०००००। | २०००००। | २०००००। | |
| ४ | माध्यमिक शिक्षा | | | | | | | |
| | क. माध्यमिक तहका विद्यार्थीहरुको पालिकास्तरीय वार्षिक प्रतियोगितात्मक विज्ञान प्रदर्शनी | ६ विद्यालय १२० विद्यार्थी | ११००००। | ११००००। | ११००००। | ११००००। | ११००००। | सगुन नेपाल |
| | ख. विद्यार्थीका लागि पालिकास्तरीय वार्षिक प्रतियोगितात्मक अतिरिक्त कार्यकलाप सञ्चालन (निवन्ध लेखन र बाचन, बक्तृत्वकला, हाजिरीजवाफ, भलिबल र फुटबल) | ६ विद्यालय | ५५००००। | ५५००००। | ५५००००। | ५५००००। | ५५००००। | |
| | ग. विद्यार्थी वृति परामर्श (शैक्षिक वर्षको जेठ महिनाभित्र) | ६ विद्यालय | | १२५०००। | १२५०००। | १२५०००। | १२५०००। | |
| | घ. विद्यार्थी स्वास्थ्य परीक्षण | ६ विद्यालय | १२४०००। | १२४०००। | १२४०००। | १२४०००। | १२४०००। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ङ. विषयगत प्रयोगशालाको स्थापना | ६ विद्यालय | २०००००। | २०००००। | २०००००। | २०००००। | २०००००। | |
| | च.माध्यमिक तहका शिक्षक र विद्यार्थीहरुको सहभागितामा विषयगत शैक्षिक सामग्री निर्माण कार्यशाला (गणित, अंग्रेजी र विज्ञान) | ६ विद्यालय | ६०००००। | | ६०००००। | | ६०००००। | सगुन नेपाल |
| | | | | | | | | |
| | छ.माध्यमिक विद्यालयमा शिक्षक विद्यार्थी र अभिभावकका रचनासहितको वार्षिक स्मारिका प्रकाशन | ६ विद्यालय | ६०००००। | ६०००००। | ६०००००। | ६०००००। | ६०००००। | |
| | ज.दैनिक योग अभ्यास (बजेट आवश्यक नहुने) | ६ विद्यालय | | | | | | |
| ५ | पाठ्यक्रम र मूल्याङ्कन | | | | | | | |
| | क. त्रैमासिक प्रगति समीक्षा (बजेट विद्यालयको आन्तरिक स्रोत र समीक्षा प्रतिवेदन पालिकामा १ हप्ताभित्र पेश ) | २१ विद्यालय | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ख. पालिकास्तरीय अर्ध वार्षिक प्रगति समीक्षा र भावी सुधार कार्यदिशा पहिचान र कार्यान्वयन (विद्यालयको समीक्षा प्रतिवेदन प्राप्त भएपछि अनुगमन प्रतिवेदनसमेतका आधारमा ) | वर्षमा कम्तिमा २ पटक | २०००००। | २०००००। | २०००००। | २०००००। | २०००००। | |
| | ग. अनुगमन, सुपरीवेक्षण र शिक्षक पेशागत सहयोगका लागि संयन्त्र निर्माण र क्षमता विकास | वर्षको १ पटक | १०००००। | १०००००। | १०००००। | १०००००। | १०००००। | |
| | घ. अनुगमन, सुपरीवेक्षण र शिक्षक पेशागत सहयोगका लागि साधन विकास | ५ वर्षका लागि १ पटक | १००००। | | | | | |
| | ङ. अनुगमन, सुपरीवेक्षण र शिक्षक पेशागत सहयोग | एउटा विद्यालयमा कम्तिमा २ महिनामा १ पटक | ५०००००। | ५०००००। | ५०००००। | ५०००००। | ५०००००। | |
| ६ | शिक्षक व्यवस्थापन र विकास | | | | | | | |
| | क. नेतृत्व क्षमता भएका शिक्षकहरुमध्येबाट प्रधानाध्यापकमा नियुक्ति | आवश्यकताअनुसार | | २०००००। | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ख. प्रधानाध्यापकको नेतृत्व क्षमता विकास तालिम (३ दिने) | २१ प्रधानाध्यापक | ८००००। | ८००००। | ८००००। | ८००००। | ८००००। | |
| | ग.प्रधानाध्यापकका लागि थप सेवासुविधाको व्यवस्था | २१ प्रधानाध्यापक | ४५५०००। | ४५५०००। | ४५५०००। | ४५५०००। | ४५५०००। | |
| | घ.पालिका र दातृ निकायको सहकार्यमा One Laptop Per Teacher (OLPT) को व्यवस्था (पालिका ६० र दातृनिकाय ४० प्रतिशत) | प्रतिवर्ष २० शिक्षक | ८४००००। | ८४००००। | ८४००००। | ८४००००। | ८४००००। | |
| | ङ.एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी कक्षा १ देखि ३ का शिक्षक क्षमता विकास तालिम | प्रति वर्ष २७ शिक्षक | १०७०००। | १०७०००। | १०७०००। | १०७०००। | १०७०००। | USAID |
| | च.बहुकक्षा र बहुस्तरको शिक्षण बारे शिक्षकको क्षमता विकास (प्रशिक्षक तयारी समेत) | ३० शिक्षक | १२००००। | | १२००००। | | | USAID |
| | छ.सेवाबाट निवृत्त हुन चाहने शिक्षकका लागि (golden hand cheque) | प्रतिवर्ष३ शिक्षक | १००००००। | १००००००। | १००००००। | १००००००। | १००००००। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ज.खेलकूद शिक्षकको क्षमता विकासका लागि तालिम सञ्चालन | ४२ शिक्षक | ८००००। | | ८००००। | | | ANFA |
| | झ.गीत सङ्गीत शिक्षकको क्षमता विकासका लागि तालिम सञ्चालन | ४२ शिक्षक | ८००००। | | ८००००। | | | |
| | ञ.कक्षा ६ देखि १२ का शिक्षकका लागि विषयगत तालिम (गणित , अंग्रेजी र विज्ञान) | २६ शिक्षक | ६००००। | | ६००००। | | | |
| | ट. दरबन्दी मिलान | | | | | | | |
| | ठ. भान्सेको क्षमता विकास (१ दिने) | ४२ जना | ३००००। | | | ३००००। | | |
| | ड.सूचना र सञ्चार प्रविधिको प्रयोगसम्बन्धी शिक्षक क्षमता विकास | ५४ शिक्षक | १०७०००। | | | १०७०००। | | |
| ७ | अनौपचारिक शिक्षा जीवनपर्यन्त सिकाइ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क. सामुदायिक सिकाइकेन्द्रको सक्रियता वृद्धि (बजेट आवश्यक नहुने. पालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाले गर्ने) | | | | | | | |
| | ख. निरक्षरताको स्थिति पहिचान (बजेट आवश्यक नहुने. सबै सामुदायिक सिकाइ केन्द्रले गर्ने) | | | | | | | |
| | ग. व्यवहारोन्मुख अनौपचारिक र जीवनपर्यन्त शिक्षा | ५०० जना | १०७०००। | १०७०००। | १०७०००। | १०७०००। | १०७०००। | |
| | घ. मातृभाषामा अनौपचारिक र जीवनपर्यन्त शिक्षा | ९० जना | | | | १०७०००। | | |
| ८ | छात्रवृत्ति व्यवस्थापन | | | | | | | |
| | क. दलित, अल्पसङ्ख्यक र लोपोन्मुख परिवारका विद्यार्थीका लागि छात्रवृत्ति | प्रति वर्ष ४० जना | २००००। | २००००। | २००००। | २००००। | २००००। | |
| ९ | आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क. विद्यालय आवतजावत गर्ने बाटोघाटो मर्मत सम्भार | आवश्यक स्थानमा प्रत्येक वर्ष | २५०००। | २५०००। | २५०००। | २५०००। | २५०००। | |
| | ख. अनलाइनमा आधारित शिक्षणसिकाइका लागि पूर्वाधार विकास | ६ मावि | ६०००००। | ६०००००। | ६०००००। | ६०००००। | ६०००००। | |
| | ग. आमने सामने पद्धतिमा आधारित सिकाइका लागि सघनबस्तीमा आवश्यक प्रवन्ध (आवश्यक पर्दा भाडामा स्थान व्यवस्था गर्नेगरी) | | | | | | | |
| १० | भौतिक पूर्वाधार | | | | | | | |
| | क. विद्यालय भौतिक पूर्वाधार मर्मतसम्भार | प्रतिवर्ष २१ विद्यालय | ७५०००० | ७५०००० | ७५०००० | ७५०००० | ७५०००० | |
| | ख. पुस्तकालय व्यवस्थापन | प्रतिवर्ष २१ विद्यालय | ४२००००। | ४२००००। | ४२००००। | ४२००००। | ४२००००। | |
| | ग. दिवा खाजाका लागि बस्ने व्यवस्थासहितको भान्साघर निर्माण | ५ वर्षमा २१ विद्यालय | ४८०००००। | ४८०००००। | ४८०००००। | ४८०००००। | ६००००००। | |
| | घ.छात्राबास निर्माण | योजना अवधिमा ३ विद्यालय | | | १५०००००। | १५०००००। | १५०००००। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ङ.पर्याप्त शुद्ध पिउने पानी शौचालय मर्मत तथा सरसफाइ | ५ वर्षमा २१ विद्यालय | ३०००००। | ३०००००। | ३०००००। | ३०००००। | ३०००००। | |
| | च. छात्रछात्राका लागि बायो ग्यास प्लान्टसहितको शौचालय निर्माण | ५ वर्षमा २१ विद्यालय | १००००००। | १००००००। | १००००००। | १००००००। | १००००००। | |
| | छ. दिवा खाजाका लागि बायो ग्यास प्लान्ट | २१ विद्यालय | १५००००। १ विद्यालय | ७५००००। ५ विद्यालय | ७५००००। ५ विद्यालय | ७५००००। ५ विद्यालय | ७५००००। ५ विद्यालय | |
| | ज.घेराबार निर्माण | २ विद्यालय | १२०००००। | | | | | |
| | झ. शुद्ध पिउने पानीको प्रवन्ध | २ विद्यालय | ५५००००। | | | | | |
| | ञ. खेलमैदान | २ विद्यालय | २०००००। १ विद्यालय | १२०००००। १ विद्यालय | | | | |
| ११ | प्राविधिक र व्यवसायिक शिक्षा | | | | | | | |
| | प्राविधिक विषयमा ११ कक्षा अध्ययनका लागि छात्रवृत्ति | १०/१० विद्यार्थी | २४००००। | २४००००। | २४००००। | २४००००। | २४००००। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ८ देखि १० का विद्यार्थीहरुलाई थाङ्का लेखन, पर्यटक पथ प्रदर्शन, प्लम्बिङ्, house wairing, पेण्टिङ र फलफूल खेतीसम्बन्धी कम्तिमा वार्षिक ६० घण्टाको सिपविकास तालिम (पहिलो र दोस्रो वर्ष आधारभूत सामग्री खरिद र सहजकर्ता पारिश्रमिक मात्र) | ६ विद्यालय | २०००००। २ विद्यालय | ४०००००। ४ विद्यालय | २०००००। सहजकर्ता पारिश्रमिक मात्र | २०००००। सहजकर्ता पारिश्रमिक मात्र | २०००००। सहजकर्ता पारिश्रमिक मात्र | |
| १२ | अभिभावक शिक्षा | | | | | | | |
| | क. विषयवस्तुहरुको पहिचान | | १०००००। | | | | | |
| | ख. प्रशिक्षकको रोष्टर तयारी क्षमता विकास | | १०००००। | | | | | |
| | ग. विव्यस र शिअसंघका पदाधिकारी क्षमता विकास | २१० जना | | ११००००। | ५५०००। | ५५०००। | ५५०००। | |
| | घ. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | १०५ जना | | ५००००। | ५००००। | ५००००। | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ङ.अभिभावक शिक्षाका लागि अगुवा अभिभावक परिचालन (अभिभावक शिक्षा सञ्चालन गरेका समयमा प्रयोग गर्न सकिने) | | | | | | | |
| | च. शिक्षक र प्रधानाध्यापकबाट नियमित अभिभावक शिक्षा सञ्चालन (बजेट आवश्यक नहुने) | | | | | | | |
| १३ | शैक्षिक समता र समावेशीकरण | | | | | | | |
| | अपाङ्गता भएका विद्यार्थीहरुको सिकाइ निरन्तरताको विशेष व्यवस्था | पहिचान भएका सबै विद्यार्थी | | २५००००। | २५००००। | २५००००। | २५००००। | |
| | विद्यालयमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुको सिकाइ निरन्तरताका लागि प्रोत्साहन | प्रतिवर्ष १० जना | २५००००। | २५००००। | २५००००। | २५००००। | २५००००। | |
| १४ | विद्यालयमा सूचना सञ्चार प्रविधि | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सबै विद्यालयमा इन्टरनेट सुविधाको प्रबन्ध (इन्टरनेट नभएकाका लागि) | १० विद्यालय | १५००००। | १५००००। | १५००००। | १५००००। | १५००००। | |
| | विद्यालयहरुमा कम्प्युटर ल्यावको प्रवन्ध (१५ आधार भूत विद्यालय, कम्प्युटर खरिद, फर्निचर र मर्मत) | १५ विद्यालय | १३६००००। ३ विद्यालय | १३६००००। ३ विद्यालय | १३६००००। ३ विद्यालय | १३६००००। ३ विद्यालय | १३६००००। ३ विद्यालय | |
| | विद्यालय अभिलेख व्यवस्थापन | २१ विद्यालय | १०५०००। | १०५०००। | १०५०००। | १०५०००। | १०५०००। | |
| १५ | विविध | | | | | | | |
| | क.शिक्षा, युवा तथा खेलकूद शाखाबाट वार्षिक जर्नल प्रकाशन | | १५००००। | १५००००। | १५००००। | १५००००। | १५००००। | |
| | ख. अङ्ग्रेजी भाषामा बढीमा ५ शब्दहरु भएका दैनिक व्यवहारिक जीवनसँग सम्बन्धित ५० वाक्यहरुको निर्माण गरी फ्लेक्स प्रिण्ट गरेर विद्यालयमा वितरण र अभ्यास आरम्भ (प्रत्येक वर्ष फरक वाक्यहरु) | २१ विद्यालय | ११००००। | ११००००। | ११००००। | ११००००। | ११००००। | सगुन नेपाल |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ग. खेलकूद सामग्री खरिद | २१ विद्यालय | ३३००००। | ३३००००। | ३३००००। | ३३००००। | ३३००००। | |
| | घ. बाल उद्यान निर्माण | २१ विद्यालय | १६५००००। ३ विद्यालय | २७५००००। ५ विद्यालय | २७५००००। ५ विद्यालय | २२०००००। ४ विद्यालय | २२०००००। ४ विद्यालय | SEED Nepal |
| | ङ. पुष्पबाटिका निर्माण र हरियाली प्रवर्धन | २१ विद्यालय | २०००००० ४ विद्यालय | २००००० ४ विद्यालय | २००००० ४ विद्यालय | २००००० ४ विद्यालय | २५००००। ५ विद्यालय | |
| १६ | सञ्चालन भइरहेका कार्यक्रमहरुको निरन्तरता | | | | | | | |
| | क.सिकाइउपलब्धी परीक्षण र परीक्षा सञ्चालन | | १००००००। | ११०००००। | ११०००००। | १२०००००। | १२०००००। | |
| | ख. उत्कृष्ट विद्यालय शिक्षक विद्यार्थी सम्मान (इसिडिसमेत) | | ५०००००। | ५०००००। | ५०००००। | ५०००००। | ५०००००। | |
| | ग. राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता | | ६०००००। | ८०००००। | ८०००००। | १००००००। | १००००००। | |
| | घ. विविध छपाइ | | ५०००००। | ५०००००। | ५०००००। | ६०००००। | ६०००००। | |
| | ङ. प्रधानाध्यापक बैठक/कार्यशाला गोष्ठी | | १०००००। | १०००००। | १०००००। | १०००००। | १०००००। | |
| | च. दिवा खाजाका लागि थप बजेट | | २००००००। | २००००००। | २००००००। | २००००००। | २००००००। | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छ. स्वयमसेवक शिक्षक (सबै तहका १२ शिक्षक) | | ४८१००००। | ४८१००००। | ४८१००००। | ४८१००००। | ४८१००००। | |
| | ज. ६ मावि का लागि भान्से | | ६१४०००। | ६१४०००। | ६१४०००। | ६१४०००। | ६१४०००। | |
| | झ. मण्टेश्वरी सहजकर्ता (७ जना) | | १८९९०००। | १८९९०००। | १८९९०००। | १८९९०००। | १८९९०००। | |
| | ञ. प्राविधिक शिक्षा (कालिका मावि) | १ विद्यालय | ५५०००००। | ६००००००। | ६००००००। | ६००००००। | ६५०००००। | |
| | ट. स्थानीय पाठ्यपुस्तक लेखन र छपाइ | | १००००००। लेखन र छपाइ | १००००००। छपाइ मात्र | १००००००। छपाइ मात्र | १००००००। छपाइ मात्र | १००००००। छपाइ मात्र | |
| | ठ. विद्यार्थी career परामर्श (Physio & psychological) | | २०००००। | २०००००। | २०००००। | ३०००००। | ३०००००। | |
| | **जम्मा** | | **४,२२,९४०००।** | **४,४३,२७०००।** | **४,४१,७४,०००।** | **४,०७,१४,०००।** | **४,४१,८३,०००।** | |

## पालिकाले प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने चार क्षेत्रहरु

१. पालिकाभरिका विद्यालयहरुले उपयोग गरिरहेको तर विद्यालयकै नाममा नरहेका जग्गाहरुलाई भोगाधिकार दिलाउनुपर्ने

२. जीर्ण अवस्थामा रहेका भवन र कक्षाकोठाहरुको तत्काल विस्थापन गरी नयाँ भवन निर्माण

३. पालिकाभरिका विभिन्न अपाङ्गता भएका विद्यालय उमेरका बालबालिकाका लागि विशेष विद्यालयमा पठनपाठनको अवसर दिलाउन आवश्यक पहल

४. आगामी २०८५ सालसम्ममा यस पालिकाका कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्नका लागि पालिकामा एक क्याम्पसको स्थापना

## सन्दर्भ सामग्रीहरु


शिक्षा तथा मानव स्रोत विकास केन्द्र (२०७९), *स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन २०७९ ।* भक्तपुरः लेखक ।

बनेपा नगरपालिका (२०७९), *बनेपा नगरपालिकाको नगर शिक्षा योजना २०७९-२०८३* । काभ्रेपलाञ्चोकः लेखक ।

टीकापुर नगरपालिका (२०७७), *टीकापुर नगरपालिकाको नगर शिक्षा योजना २०७८- २०८७* । कैलालीः लेखक ।

बुटवल उपमहानगरपालिका (२०७६), *बुटवल उपमहानगरपालिकाको नगर शिक्षा योजना* । रुपन्देहीः लेखक ।

बेनीघाट रोराङ गाउँपालिका (२०७९), *बेनीघाट रोराङ गाउँपालिकाको शिक्षा योजना* । धादिङः लेखक ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका (२०७८), *दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नगर शिक्षा योजना* । खोटाङः लेखक ।

शिक्षा विभाग (२०६१), *विद्यालय सुधार योजना सहयोगी सहयोगी पुस्तिका* । भक्तपुरः लेखक ।

धुलिखेल नगरपालिका (२०७८). शिक्षाको आँखीझ्याल । काभ्रेपलाञ्चोकः लेखक ।

नेपाल सरकार (२०७६), *राष्ट्रिय शिक्षा नीति २०७६* । काठमाडौँः लेखक

इन्द्रसरोवर गाउँपालिकाको स्थानीय पाठ्यक्रम ।

इन्द्रसरोवर गाउँपालिका पालिकाको प्रोफाइल ।

पाठ्यक्रम विकास केन्द्र (२०७८), *राष्ट्रिय शिक्षा पाठ्यक्रम प्रारुप* । भक्तपुरः लेखक ।

नेपाल सरकार (२०७२), *नेपालको संविधान* । काठमाडौँः लेखक

नेपाल सरकार शिक्षा ऐन

शिक्षा नियमावली

नेपाल सरकार (२०७५), *उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५* । काठमाडौँः लेखक ।

# अनुसूची -१

# इन्द्रसरोवर गाउँपालिका

कुलेखानी, मकवानपुर ।

## गाउँ शिक्षा योजना निर्माणको लागी तथ्याक्त सर्वेक्षण फारम

विद्यालयको नामः संचालीत तहः

विद्यालयको विवरणः

१. विद्यालयमा भर्ना भएका विद्यार्थी संख्याः

| विद्यालय तह | छात्रा | छात्र | दलित | आमाबाबु बिहिन | अशक्त अभिभावक | अपाङ्गता भएका बालबालिका | जोखिममा परेका बालबालिका | जनजाति | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ECD | | | | | | | | | |
| आधारभुत | | | | | | | | | |
| माध्यमिक | | | | | | | | | |

२. विद्यालय बाहिर रहेका बालबालिका संख्या (४ बर्ष देखि १६ बर्ष) सम्मकाः

३. उमेरगत विद्यार्थीको संख्याः

| कक्षागत | ४ बर्ष भन्दा कम | ४ बर्ष | ५ बर्ष | ५-१२ बर्ष | १६-१९ बर्ष | १६ बर्ष भन्दा माथि |
|---|---|---|---|---|---|---|
| ECD | | | | | | |
| कक्षा १ | | | | | | |
| कक्षा १-८ | | | | | | |
| कक्षा ९-१२ | | | | | | |

४. शिक्षक विवरणः

| नाम | विशेष जिम्मेवारी | तह | लिङ्ग | विषय | शैक्षिक योग्यता | तालिम | जन्ममिति | नियुक्ति मिति | किसिम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

५. सिकाई उपलव्धी

| कक्षागत (औषत) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा | शै.सं २०७९ को उपलव्धी | उत्तीर्ण सं. | कक्षा | शै.सं २०७९ को उपलव्धी | उत्तीर्ण सं. | कक्षा | शै.सं २०७९ को उपलव्धी | उत्तीर्ण सं. |
| १ | | | ६ | | | ९ | | |
| २ | | | ७ | | | १० | | |
| ३ | | | ८ | | | ११ | | |
| ४ | | | | | | १२ | | |
| ५ | | | | | | | | |
| जम्मा: | | | जम्मा | | | जम्मा | | |

| | |
|---|---|
| विद्यालयको कुल सिकाई उपलव्धीः | विद्यालयको कुल उत्तीर्ण सं. : |

| विषय | २०७९ को सिकाइ उपलव्धी | विषय | २०७९ को सिकाइ उपलव्धी | विषय | २०७९ को सिकाइ उपलव्धी |
|---|---|---|---|---|---|
| नेपाली | | गणित | | | |
| English | | सामाजिक शिक्षा | | | |
| विज्ञान | | स्वास्थ्य तथा शारिरिक | | | |

६. विद्यालयको भौतिक विवरण

| | | |
|---|---|---|
| क) जग्गाको क्षेत्रफलः | ख) विद्यालयको नाममा जग्गा रहेको/ नरहेकोः | ग) भवनको संख्याः |
| घ) कक्षा कोठाको संख्याः<br>ङ) बालउद्यान भए/नभएकोः | च)शौचालयको संख्याः ☐ छात्रा ☐ छात्र<br>☐ शिक्षक ☐ अपाङ्ग | छ) शुद्ध खानेपानी रहेको/ नरहेकोः<br>ज) हात धुने व्यवस्था भए/नभएकोः |
| झ) खेलमैदान रहेको/ नरहेकोः<br>ञ) प्रोजेक्टर तथा स्मार्ट बोर्ड सं. | ट) प्रयोगशालाः ☐ विज्ञान ☐ ICT<br>☐ पुस्तकालय ☐ गणित | ठ) Internet को सुविधा रहेको/ नरहेकोः<br>ड) पुस्तकालयमा रहेको पुस्तक सं. |
| ढ) विद्युत सेवा रहेको/ नरहेकः<br>ण) प्रिन्टर सं. | त) बालमैत्री डेक्सबेन्च संख्याः<br>थ) टि.भी. सं. | द) विद्यालयमा रहेको टेवल/ कुर्सीको संख्याः<br>ध) कम्प्युटर तथा ल्यापटप सं. |

| ७. अन्य विवरण | | | | |
|---|---|---|---|---|
| छात्रवृतिको किसिम | छात्रवृति प्राप्त गर्ने विद्यार्थी संख्या | विद्यालय छोड्ने सं. | ट्रान्सफर हुने विद्यार्थी सं. | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८. विद्यालयमा तयार भएका शैक्षिक योजनाको अवस्थाः ☐ SIP ☐ TIP ☐ शैक्षिक क्यालेण्डर ☐ वार्षिक शैक्षिक योजना ☐ दैनिक पाठयोजना ☐ ECA अन्यः

९. दिवा खाजाको अवस्थाः

१०. विद्यालयको आन्तरिक स्रोत साधनको अवस्थाः

११. विद्यालयलाई सहयोग गर्ने NGO/ INGO को विवरणः

१२. स्यानेटरी प्याडको व्यवस्थापनको अवस्थाः

१३. विद्यालयले गरको महत्वपूर्ण र उदाहरणिय कामहरूः

१)

२)

३)

१४. विद्यालयको गर्ने प्रोत्सानत्मक कार्यक्रमहरुः

प्रधानाध्यापकको नामः

विद्यालयको छापः

सर्वेक्षकको नाम र हस्ताक्षरः

हस्ताक्षरः ...........................

१)

# अनुसूची -२

## सुझाव संकलन कार्यशाला संचालन विवरण

| सी.न | मिति | सुझाव संकलन कार्यशाला स्थानको नाम | कार्यशालामा सहभागि निकाय |
|---|---|---|---|
| १ | २०८१-०१-२७ | कालिका मावि इन्द्रसरोवर-४, फाखे लचौर | कालिका मावि , सिह भैरब आवि |
| २ | २०८१-०१-२८ | महाचुनी मावि इन्द्रसरोवर-५ खडबु | महाचुनी मावि , मन्जु श्रीजन आवि |
| ३ | २०८१-०१-३० | कालीदेवी मावि इन्द्रसरोवर-५, चखेल | कालीदेवी मावि |
| ४ | २०८१-०१-३१ | सरस्वति बालबोधिनी मावि इन्द्रसरोवर-१, मार्खु | सरस्वति बालबोधिनी मावि, चन्द्र आवि , महालक्ष्मि आवि, शक्तेश्वर आवि |
| ५ | २०८१-०२-०१ | रुपादेवी आवि इन्द्रसरोवर-१, टौमाट | रुपादेवी आवि, बालकुमारी आवि |
| ६ | २०८१-०२-०२ | पन्चकन्या मावि इन्द्रसरोवर-२, कुलेखानी | पन्चकन्या मावि, बालतिर्थ आवि, कालीदेवी आवि |
| ७ | २०८१-०२-०३ | जनश्रम आवि इन्द्रसरोवर -२, भालुखर्क | जनश्रम आवि |
| ८ | २०८१-०२-०४ | बत्सलादेवी मावि इन्द्रसरोवर-३, सिस्नेरी | बत्सलादेवी मावि, नबज्योती आवि, आजादेश्वर आवि, बनदेवी आवि |
| ९ | २०८१-०२-०६ | रामचन्द्र भन्ज्याङ आवि इन्द्रसरोवर-३, रामचन्द्र भन्ज्याङ | रामचन्द्र भन्ज्याङ आवि |
| १० | २०८१-०२-०७ | भैरब आवि इन्द्रसरोवर-३, काप्राङ | भैरब आवि |
| ११ | २०८१-०२-०८ | इन्द्रसरोवर गाउँकार्यपालिको कार्यालय | शिक्षा समिति सदस्य , गैर सरकारी संघ सस्था |
| १२ | २०८१-०२-०९ | | कार्यपालिका सदस्य , शिक्षकका पेशागत संगसंगठन |